**सूचना**

प्राविधिक कारणवश यस साप्ताहिकको शुक्रबार प्रकाशित हुने अंक यसपटक बिहीबार नै प्रकाशित गरेका छौं । यसबाट पाठकवर्गमा पर्न जाने असुविधाप्रति क्षमा याचना गर्दछौं ।

– सम्पादक

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal Weekly

साप्ताहिक

वर्ष ६ अंक ५, २०७४ साल वैशाख २८ गते बिहीबार, नेपाल संवत् ११३७ (May 11, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०/–

## बीबीआइएएनबाट भुटान अलग

काठमाडौं- भारतको नेतृत्वमा नेपाल, बंगलादेश र भुटान मोटर भेइकल सन्धि (बीबीआईएएन) अघि बढाउन भारतले भुटानसमक्ष राखेको प्रस्ताव अस्वीकृत भएको छ । भुटानको यो निर्णयले पाकिस्तानलाई एक्लाएर उपक्षेत्रीय नेतृत्व लिने नरेन्द्र मोदी सरकारको रणनीतिलाई धक्का पुगेको छ । अब परियोजनामा नेपाल, भारत र बंगलादेश मात्र बाँकी रहेका छन् ।

पाकिस्तानबाहेकको उपक्षेत्रीय संगठन निर्माण गरी त्यसको नेतृत्व लिने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको महत्वकांक्षी यो **बाँकी ८ पेजमा**

# नयाँ दलहरूसँग किन आत्तिए पुराना दल ?

काठमाडौं । स्थानीय तह निर्वाचन ऐन ल्याएर बहुदलीय व्यवस्थामा संसद बाहिरका नयाँ दलहरुलाई निर्वाचनमा दलीय हैसियतमा भाग लिन नदिने ठूला दलहरुको हर्कतका कारण चुनाव प्रचारप्रसारको रौनकता खासै नदेखिनु स्वाभाविक हो । कांग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपाबाहेक अन्य दलहरु चुनावमा सहभागी छैनन् कि भन्ने प्रतीत हुनु लोकतन्त्रकै लागि लज्जाको विषय हो । ३१ गते आइतबार हुने तीन प्रदेशको स्थानीय तह निर्वाचनमा चार दलको मात्र राजनीतिक सेन्डिकेट कायम हुनु र अन्य उदीयमान नयाँ दलहरुलाई पाखा लगाइनुले जनअनुमोदित भएर स्थानीय सत्ताको नेतृत्व गर्ने अवसरबाट नयाँ दलहरु वञ्चित भएका छन् ।

नयाँ संविधान जारी भएपछिको यो प्रथम निर्वाचन हो । यसअघि संविधानसभाको चुनाव भएको थियो । उक्त चुनावमा धेरै नयाँ दलहरुले भाग लिएका थिएनन् । संविधान आएपछि निर्वाचन आयोगमा दर्जनौं नयाँ दलहरु दर्ता भए । तर ती दलले दलीय चुनावचिन्ह भने पाएनन् । संविधानसभा चुनावमा भाग लिएका नयाँ र साना दलहरुले प्राप्त गरेका चुनावचिन्ह समेत स्थानीय तह निर्वाचनमा निर्वाचन आयोगले खोस्यो । आयोगले स्थानीय तह निर्वाचन ऐनलाई तेर्स्याएर चुनाव चिन्ह दिन नमिल्ने बतायो । ऐन गलत नियतबस ल्याइएको छ, यसलाई करेक्सन गर्न जरुरी छ भनेर आयोगले कहिल्यै भनेन । आखिर आयोगका प्रमुख आयुक्त र आयुक्तहरु पनि ठूला दलहरुकै भाडबन्डाको कोटाबाट नियुक्त भएका न ठहरिए । स्थानीय तह ऐन विभेदकारी छ, संविधानले परिकल्पना गरेको संघीय गणतन्त्रात्मक लोकतान्त्रिक व्यवस्थाको मर्म र भावनालाई ऐनले छोएको छैन । यसलाई संशोधन गरी सबै राजनीतिक दलले चुनावमा भाग लिने वातावरण बनाइयोस् भनेर आयोगले ठूला दलहरुसँग छलफल परामर्श नगर्नु नै आयोगको बदनियत उजागर हुन्छ ।

एकपटकको आवधिक निर्वाचनले मात्र कुनै पनि दलको राजनीतिक भविष्यको ग्यारेन्टी गर्दैन । पहिलो संविधानसभा चुनावमा 'हात्ती' हैसियत बनाएको माओवादी दोस्रो संविधान चुनावमा कसरी 'मुसा' परिणत भयो ? देखिएकै हो । मधेस केन्द्रित दलहरुको पहिलो संविधानसभा निर्वाचनपछिको हैसियत दोस्रो संविधानसभा चुनावपछि कसरी लज्जास्पद रुपले खस्कियो ? एमाले भन्ने पार्टी नै अब हुँदैन भनेर प्रचण्ड



कुर्लिएका थिए, एमाले संविधानसभाको दोस्रो संस्करणको चुनाव कसरी कांग्रेसकै हाराहारीमा विजयी भयो ? निर्णयकर्ता त जनता हुन् नि । जनता सधैं कुनै पनि पार्टीका दास हुने गर्दैनन् । जनताले सधैं परिवर्तन, विकास र समृद्धि चाहिरहेका हुन्छन् । जनताले राज्यसँग भएका बुलेटलाई ब्यालेटले पछारेर आफ्ना प्रतिनिधि नीति निर्णायक तहमा पुऱ्याउने गर्छन् । कांग्रेस, एमाले, माओवादी र राप्रपा दोस्रो संविधानसभा निर्वाचन परिणामकै 'ह्याङ ओभर' मा अझै देखिन्छन् । यी शीर्ष दलहरु नेपाली राजनीतिमा असफल सावित भइसकेका छन् । प्रधानमन्त्री चुन्न समेत नसकेर बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानमन्त्री बनाएर सत्ता सुम्पनु नै यी ठूला दलहरु अक्षम र असफल भएको प्रमाण हो । शक्तिपृथकीकरणको सिद्धान्तलाई धज्जी उडाउँदै कार्यपालिकाकै जिम्मामा न्यायपालिका सुम्पने यी दलहरु लोकतन्त्रप्रति कत्ति पनि जवाफदेही छैनन् भन्ने प्रस्ट हुन्छ । धन्य खिलराजमा सत्ता महत्वाकांक्षा पलाएन । चुनावपछि सत्ताको साँचो दलहरुलाई सुम्पिए । नत्र कांगेस, एमाले, माओवादी, राप्रपा जस्ता रैथाने दलहरु अहिलेसम्म सायद भूमिकाविहीन हुन सक्थे ।

०४६ सालको राजनीतिक परिवर्तनपछि कांग्रेसले दुई दशक बढी सत्ता चलायो । एमालेले चारपटक सत्ताको नेतृत्व गऱ्यो । राप्रपा कांग्रेसको नेतृत्वमा होस् या एमालेको सधैं सरकारमा रहँदै आएको छ । यी दलहरुले देश र जनताको हितार्थ कहिल्यै माखो मारेनन् । राष्ट्रघात गरे, भ्रष्टाचार गरे, जनतामा कुशासन थोपरे अनि देशलाई नै विश्वको कंगाल देशको 'टपटेन' मा पुऱ्याए । मुखले नेपाललाई स्वीट्जरल्यान्ड बनाउँछौं भन्दै पटक पटक जनतालाई ढाँटे । तर स्वीट्जरल्यान्डको त कुरै छोडौं, भियतनामको एउटा प्रान्तको जति पनि विकास गर्न सकेका भए नेपाली जनता भाग्यमानी ठहरिन्थे । राज्यकोष लुटेर, भ्रष्टाचार गरेर यी पार्टीहरुले विश्वमै नेपालको बदनाम गरे । सुन तस्करीदेखि लागूऔषध र महिला बिक्रीको 'ट्रान्जिट प्वाइन्ट' बनेको छ अहिले देश । यी निकम्मा दलहरुबाट जनता र देशले केही नपाउने बुझेर नयाँ दलहरुले राजनीतिमा बामे सर्ने जाँगर देखाए । देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा, नयाँ शक्ति नेपाल, साझा पार्टी, विवेकशील नेपाली दल जस्ता नयाँ दलहरु 'भिजन र विजन' दुवै बोकेर राजनीतिको मैदानमा देखा परे । तर खाइपाइआएका सनातनी ठूला दलहरुले यी नयाँ दलहरुलाई जनतामा जानै नदिने षड्यन्त्रका साथ स्थानीय तह निर्वाचन ऐन पारित गरी गोर्खे लौरी ठोकिदिए । दलका रुपमा जनसमक्ष जानै दिएनन् । स्वतन्त्र उम्मेदवारका रुपमा नानाथरीका चुनावचिन्ह लिएर नयाँ दलहरु चुनावी रणभूमिमा होम्मिन बाध्य भए ।

नयाँ दलहरुले आआफ्ना प्रतिबद्धता पत्र लिएर जनतामा जान नपाएका कारण जनताले यी दलहरुलाई बुझ्ने अवसर नै पाएनन् । जनताका हातमा फेरि पनि तिनै पुराना ठूला दलहरुको मात्र 'कपटपत्र' (घोषणापत्र) हातमा पुगेको छ । यी निकम्मा दलहरुले जनतालाई अनेक मिठा सपनाहरु देखाइरहेका छन् । कांग्रेसले देशलाई १० वर्षमा मध्यम आययुक्त मुलुक बनाउने, वार्षिक ३ देखि ५ लाख रोजगारी सिर्जना गर्ने, १० हजार मेघावाट विद्युत् उत्पादन गर्ने लगायतका आश्वासन जनतालाई दिएको छ । दुई दशक बढी सत्ता चलाउँदा कांग्रेसले देशलाई कहाँ पुऱ्यायो ? जनताले बुझेका छैनन् र ? अब कांग्रेसमा के जादू र वार्षिक ५ देखि १० लाख रोजगारी सिर्जना एवं १० हजार मेघावाट बिजुली उत्पादन गर्छ ?

एमालेले पनि प्रतिव्यक्ति आम्दानी १० वर्षमा ५ हजार डलर, १० वर्षभित्र १८ वर्ष पुगेका सबैलाई रोजगार, वृद्ध र सुत्केरीलाई प्रतिमहिना ५ हजार भत्ता वितरण गर्ने घोषणा गरेको छ । माओवादी केन्द्रले तीव्र आर्थिक वृद्धिदर, रोजगारको व्यवस्था नहुँदासम्म बेरोजगार भत्ता, **बाँकी ८ पेजमा**

# देपसा मोर्चाको घरदैलो अभियान

काठमाडौं । देशभक्त पर्यावरणीय सामाजिक मोर्चाका अध्यक्ष सुरेन्द्र ढकाल काठमाडौं महानगरको मेयर पदमा उम्मेदवार बन्नुभएको छ । आफ्नो पार्टीको निर्वाचन चिन्ह तीन पात भए पनि आयोगले संसदमा नभएका दलहरुलाई स्वतन्त्र सरहका चिन्ह प्रदान गरेकाले प्रचारप्रसारमा अत्यन्तै अप्ठेरो परेको उहाँ बताउनुहुन्छ ।

देपसा मोर्चाले काठमाडौंका अतिरिक्त टोखा नगरपालिकामा प्रमुख र उपप्रमुख पदमा उम्मेदवारी दिएको छ भने नुवाकोटलगायत विभिन्न जिल्लामा उम्मेदवारहरु स्वतन्त्र हैसियतमा निर्वाचनमा भाग लिइरहेका छन् । एउटै वडामा पाँच थरी चिन्ह र प्रमुख उपप्रमुख समेत सातवटा



चिन्हमा भोट माग्नु पर्दा मतदातालाई बुझाउन नसकिएको र चिन्हका कारण योग्य उम्मेदवारहरु पछि पर्ने अवस्था आएको गुनासो देपसा मोर्चा जस्तै अन्य साना दलहरुले गर्ने गरेका छन् ।

काठमाडौंमा मेयर पदमा उम्मेदवारी दिएका सुरेन्द्र ढकालले मकैको बोट चुनावचिन्ह पाउनुभएको छ । प्रचारप्रसारको समय अत्यन्तै छोटो पाएका कारण राम्रो तयारी गर्न नसके पनि आफ्ना चुनावी एजेन्डाहरु बोकेर सकेसम्म सबैतिर पुग्ने प्रयास गरेको ढकाल बताउनुहुन्छ । पुराना राजनीतिक दलहरुले अहिलेसम्म गरेका भ्रष्टाचार, राष्ट्रघात र कुशासनले गर्दा मुलुक विश्वकै कंगाल, भ्रष्ट र प्रदूषित राष्ट्रका रुपमा चिनिएकाले मुलुकको पहिचान जरैदेखि बदल्नुपर्ने भएकाले आफू काठमाडौंको मेयरमा उम्मेदवार बनेको उहाँ बताउनुहुन्छ । काठमाडौं ऐतिहासिक, पुरातात्विक महत्वको सहर भएकाले यसको गरिमामय इतिहास र पहिचानको संरक्षण गर्दै आधुनिक, सभ्य र सुसंस्कृत सहर निर्माण गर्ने योजना आफूसँग रहेको उहाँको तर्क छ । जर्मन र इटलीका विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरेका ढकालले जर्मनी मोडलको अत्याधुनिक सहरी विकासको खाका प्रस्तुत गर्नुहुन्छ । बालबालिका, युवायुवती, महिला, ज्येष्ठ नागरिक र आम जनताका लागि सुविधाजनक, स्वास्थ्यकर पर्यावरणमैत्री र आर्थिक क्रियाकलापका रुपले सक्रिय र रोजगारका अवसरले भरिपूर्ण काठमाडौं महानगरको कल्पना आफूले गरिरहेको बताउनुहुन्छ उहाँ ।

# तेलको खुद्रा बिक्रीमा भारतको गिद्दे दृष्टि

काठमाडौं । नेपालमा पेट्रोलियमको एकाधिकार कायम गरी एकलौटी व्यापार गर्दै आएको भारतले अब पेट्रोल पम्प सञ्चालन गरेर खुद्रा बिक्रीको नाफा पनि अझै कुम्ल्याउने भएको छ । आपूर्ति मन्त्री दीपक बोहोराले नेपालमा आधुनिक सुविधा सम्पन्न पेट्रोल पम्प खोल्न भारतीय लगानी भित्र्याउन डेढ महिनाअघि भारतमै गएर सहमति गरेकाले त्यसको छिट्टै कार्यान्वयन हुन लागेको समाचार प्राप्त भएको छ ।

नेपाल आयल निगमको समाचार सूत्रले बताएअनुसार नेसनल ट्रेडिङ लमिटेड टेकुको अर्बौं मूल्यको जग्गा नेपाल आयल निगमले खरिद गर्ने र त्यस ठाउँमा भारतीय कम्पनीलाई पेट्रोलियम हव निर्माण गर्न दिने तयारी भएको हो । नेसनल ट्रेडिङ घाटामा गएर कर्मचारीलाई तलब दिन नसक्ने अवस्थामा पुगेको छ । सरकारले जग्गा बिक्री गरी कर्मचारीलाई अवकास दिने तयारी गरेको छ । उक्त जग्गा खरिद गर्न पुग्ने रकम आयल निगमसँग संचित रहेको महाप्रबन्धक गोपाल खड्काले बताउँदै आएका छन् । टेकुका अतिरिक्त भारतीय तेल कम्पनी आईओसीले मुलुकभर सुविधा सम्पन्न पेट्रोलपम्प विस्तार गर्ने र नेपाल आयल निगमको शेयर हिस्सासमेत कायम राखी खुद्रा बिक्रीको थालनी गर्ने भएको छ ।

अहिले मुलुकभर २ हजार १ सय पेट्रोलपम्प सञ्चालनमा रहेका छन् । नेपाली व्यवसायीद्वारा सञ्चालित ती पम्पहरुको भौतिक अवस्था सुधार गरेर अत्याधुनिक बनाउनेतर्फ निगमले कुनै चासो नदिई थोक र खुद्रा दुवैमा भारतीयको एकाधिकार कायम गराउने योजना बन्नुको पछाडि कमिसनको ठूलो खेल **बाँकी ८ पेजमा**

# कतै भोजभतेर कतै भिडन्त

काठमाडौं । पहिलो चरणको निर्वाचन प्रचारप्रसारको मिति बिहीबार मध्यरातबाट समाप्त हुँदैछ । शुक्रबार र शनिबारको मौन अवधिपछि आइतबार मतदान हुनेछ । यसबीचमा चुनाव आफ्नो पक्षमा पार्न ठूला राजनीतिक दलहरुबीच प्रचारप्रसारमा तीव्र प्रतिस्पर्धाका साथै पैसा र गुण्डागर्दीको समेत उत्तिकै प्रयोग भएको छ ।

निर्वाचन आयोगले तोकेको आचारसंहिता प्रतिकूल हुने गरी गाडी र मोटरसाइकलको लस्कर लिएर भड्किलो प्रचारबाजीमा प्रमुख तीन दल उत्रिएका छन् । मतदातालाई आकर्षित गराउन विभिन्न ठाउँमा ठूलठूला भोजभतेर आयोजना गर्ने गरेका छन् । नेकपा एमालेले नवलपरासीमा आयोजना गरेको भोजको भड्किलो दृश्य टेलिभिजन च्यानलहरुमा समेत प्रसारित भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहालले आचारसंहिता विपरीत सरकारी साधनहरुको प्रयोग गरेर डाँछीमा आमसभा गरेको उजुरी राप्रपाले आयोगमा दिएको छ । कांग्रेस नेता शशांक कोइराला हेलिकप्टर लिएर प्रचारमा नवलपरासी पुगेका छन् ।

मुख्य प्रतिस्पर्धीका रुपमा एमाले र कांग्रेस देखिए पनि प्रचारप्रसारको प्रतिस्पर्धामा माओवादी पनि कम छैन । प्रचार सामग्रीको होडबाजीमा मात्र नभएर गुण्डागर्दीमा समेत माओवादीले सबैलाई उछिनेको छ । दोलखामा माओवादीको आक्रमणमा परी एमाले उम्मेदवार गोरे तामाङका छोरा कुलबहादुर मारिएका छन् । एमाले-माओवादीबीच रुकुमको मुसिकोटमा पनि झडप भएको छ । निर्वाचनको समयमा सानातिना झडप भए पनि ज्यानै **बाँकी ८ पेजमा**

# कुलमानप्रति कुनियत

काठमाडौं । भनिन्छ नेपाल सतीले सरापेको देश हो । काजी भीम मल्लकी पत्नीले सराप दिएकी थिइन् रे- यस देशमा असल काम गर्नेहरुको कहिल्यै भलो नहोस् ।' अहिले विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई पनि सतीको सरापले छोएजस्तो छ । देशमा १८ घन्टा गरिने लोडसेडिङलाई उनले अन्त्य गरेर जनतालाई उज्यालो दिए तर उनैमाथि भ्रष्टाचारको आरोप लगाउने जमर्को हुँदैछ । वास्तवमा प्राधिकरणका भ्रष्ट कर्मचारीहरु र ऊर्जा माफियाहरुले यस्तो अनर्गल प्रचार गरेको बुझ्न गाह्रो छैन ।

भारतले विद्युत प्राधिकरणलाई बिक्री गर्न प्रस्ताव गरेको एलइडी चिम खरिदमा कुलमानले **बाँकी ८ पेजमा**

**समय-सन्दर्भ |**

# महाभियोग प्रस्ताव र प्रचण्ड देउवा नियत

**राजेन्द्र शर्मा**

६५ औं कानुन दिवसका अवसरमा प्रधानन्यायाधीश सुशीला कार्कीले सर्वोच्च अदालतको प्रांगणमा आयोजना गरेको चियापान समारोहलाई प्रधानमन्त्री पुष्पकमल दाहाल, सभामुख ओन्सारी घर्ती मगर, कानुनमन्त्री अजयशंकर नायक र महान्यायाधिवक्ता रमणकुमार श्रेष्ठले बहिष्कार गरेका छन् । यस घटनाले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचको दूरीलाई सतहमै देखाएको छ । प्रधानन्यायाधीश सुशीला कार्कीमाथि कांग्रेस र माओवादी केन्द्रले महाभियोग प्रस्ताव संसदमा दर्ता गराएपछि उत्पन्न कम्पन अहिले केही शान्त जस्तो देखिएको मात्र छ, निकट दिनमा अविश्वासिलो पराकम्पन आउन सक्ने संकेत देखिँदैछ । कानुन दिवसकै अवसरमा बोल्दै प्रधानन्यायाधीश सुशीला कार्कीले राज्यका तीनवटै अंग आआफ्ना क्षेत्राधिकारभित्र बस्नुपर्छ भन्दै शक्तिपृथकीकरणका सिद्धान्तअनुसार राज्यका एक अंगले अर्कोलाई हस्तक्षेप गर्ने कुरा मान्य नहुने स्पष्ट पारेकी छन् । आफूमाथि महाभियोग दर्ता गर्ने दलहरुलाई लक्षित गर्दै उनले 'जनताको अधिकतम हित र कल्याणका लागि काम गरेमा नै संवैधानिक सर्वोच्चता कायाम हुन सक्छ । एकले अर्को अंग वा निकायको कार्यक्षेत्रमा हस्तक्षेप गर्ने अथवा एकले अर्को अंगलाई प्रतिस्पर्धी निकायका रुपमा हेरी आग्रह र पूर्वाग्रहबाट निर्देशित व्यवहार गर्नु हुन्न' भनेकी छिन् । संविधानभन्दा बाहिरका कुनै पनि क्रियाकलाप वा व्यवहार स्वीकार्य नहुने चेतावनीसमेत उनले दिएकी छन् ।

१८ औं शताब्दीमा मन्टेस्क्युले शक्तिपृथकीकरणको सिद्धान्त प्रतिपादन गर्दै व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको क्षेत्राधिकारबारे स्पष्ट पारेका थिए । जुनसुकै प्रजातान्त्रिक मुलुकहरुले पनि यही शक्तिपृथकीकरणको सिद्धान्तलाई अवलम्बन गर्दै आइरहेका छन् । यद्यपि कार्यपालिका र न्यायपालिकाबीच संसारमै द्वन्द्वहरु देखिएका पनि छन् । स्पष्टीकरणको मौकासमेत नदिई तत्काल निलम्बन गरी अन्य जालझेलबाट त्यसलाई लम्ब्याएर पदमै फर्किन नदिने अवस्थाका साथ कार्कीमाथि **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

# मतदानअघि नै धाँधली ?



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

**प्रजातन्त्रमा राजनीतिक मत राख्न पाउने, दल खोल्न पाउने अनि एउटै चुनाव चिन्ह लिएर मतदाता छेउ भोट माग्न जान पाउने नागरिक अधिकारलाई ठूला दलहरूले मनोमानी ढंगबाट कानुन बनाई कुण्ठित गरी प्रजातन्त्रलाई ठूला दलहरूको मिलिजुली तन्त्र याने सिण्डीकेटमा परिणत गरे ।**

भ्रष्टाचार, राष्ट्रघात र असक्षमताको कारण असफल बन्दै गएपछि आफ्नो असक्षमताको कारण स्थानीय चुनावमा जनताले धूलो चटाउलान् भन्ने डरले ठूला दलहरुले साना दलहरुप्रति ठूलै तानाशाह प्रवृत्ति देखाए । प्रजातन्त्रमा राजनीतिक मत राख्न पाउने, दल खोल्न पाउने अनि एउटै चुनाव चिन्ह लिएर मतदाता छेउ भोट माग्न जान पाउने नागरिक अधिकारलाई ठूला दलहरुले मनोमानी ढंगबाट कानुन बनाई कुण्ठित गरी प्रजातन्त्रलाई ठूला दलहरुको मिलिजुली तन्त्र याने सिण्डीकेटमा परिणत गरे ।

साना दलका उम्मेदवारहरु भिन्न भिन्न चुनाव चिन्ह लिएर लड्नु पर्दा पैसा, समयको अनाहक खर्चका बाबजुद मतदाताहरुको लागि अप्ठेरो सावित हुन पुग्या-साना दलहरुलाई मतदान गर्न । त्यसको अतिरिक्त १६ गतेको उम्मेदवारी दर्तालाई १९ गते पुऱ्याउनु अनि २२ गते बिहान ११ बजे दिने भनेको चुनाव चिन्ह काठमाडौं महानगर बेलुका ६ बजे दिनुले ससाना दलहरुलाई आफ्ना प्रचार सामग्री छाप्न समय पनि दिएनन् झन् त्यसमाथि २८ गते राति १२ बजेपश्चात् चुनाव प्रसार प्रचार पनि गर्न नपाउने कारण बल्ल बल्ल छापिएको सामग्रीहरु पनि मतदाता छेउ पुऱ्याउन सक्ने वातावरण रहेन । ठूला दलले अन्ततः स्थानीय चुनावलाई साना दलहरुको लागि खाए खा नखाए घिचको अवस्था बनाई आफूहरुको दुनो सोझ्याउन सफल भए । त्यसैको परिणतिले होला अहिले ठूला दलहरुले व्यापक रुपमा आफ्ना उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको घोषणा गरेका छन् । त्यस्को पछाडिको रहस्य झनै कहालिलाग्दो छ ।

साना दलका उम्मेदवारहरुलाई तर्साई, प्रलोभन देखाई उम्मेदवारी दिनै दिएनन्, जहाँ ठूला दलको पकड छ त्यहाँ उनीहरु सबैले त्यसो गरे । देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाले पहिलो चरणमा चुनाव हुने जिल्लाअन्तर्गत सिन्धुली, रामेछाप, काभ्रे, भक्तपुर, नुवाकोट, मकवानपुर, काठमाडौं, धादिङ अनि गोरखामा आफ्नो उम्मेदवार उठाउने गरी जिल्ला निर्वाचन कार्यालयमा आफ्नो दल दर्ता गरेको थियो । उम्मेदवारी दिन जाँदा धम्की दिने, प्रलोभनमा फसाउने जस्ता कार्यहरुले गर्दा काठमाडौं र नुवाकोटबाहेक अन्य कुनै जिल्लामा पनि मोर्चाका उम्मेदवारहरुले उम्मेदवारी दर्ता गर्न सकेनन् । उनीहरुलाई निर्वाचन कार्यालय पुग्नसम्म पनि दिइएन । यसको जिम्मा कस्ले लिने ? के ठूला दलहरुले साना दलहरुलाई सके हतियार उठा भनेर चुनौति दिएका हुन् ? विप्लवको दलमा मिल्न जाओ भनेका हुन् ? किनकी ठूला दल कांग्रेस, एमाले, अनि माओवादी सबै हतियार उठाएरै, विमान अपहरण गरेर, बम पड्काएर अनि निहत्था नेपाली नागरिकको टाउको काटेर नै आजको अवस्थामा आएकोले नै होला उनीहरु अहिले साना दलहरुलाई लल्कार्दै छन् । साना दलहरुको लोकप्रियताबाट विचलित भएर नै होला हिजोका टाउको काट्ने अनि टाउकोका मूल्य तोक्नेहरु अहिले चुनावमा तालमेल गर्न बाध्य भएका छन् अनि यसरी नै आफ्ना उम्मेदवारहरुलाई धमाधम निर्विरोध विजय भएको घोषणा गर्दैछन् ।

कुन मात्रा र तरिकामा यो ज्ञानेन्द्रले गराएको चुनावभन्दा फरक भयो त ? कस्ले दिने यो जवाफ ? २० वर्षपछि हुन गइरहेको चुनावमा जसरी सद्भाव र सहभागिता हुनुपर्थ्यो त्यो हुन नसक्नुको कारण ठूला दलहरुको छेरुवा मनस्थितिबाहेक अरु के नै हुन सक्छ र ? यसपालिको स्थानीय चुनावमा जसरी केन्द्रमा भ्रष्टाचार गर्न, सुविधा सहुलियत लिन तालमेल हुने गर्दथ्यो त्यस्तै तालमेल हुनुले चुनावपछि केन्द्रमा हुने भ्रष्टाचार वडासम्मै फैलिने स्वतः सिध्द छ । झन् त्यसमाथि निर्वाचित पदाधिकारीहरुले मोटो रकमको तलव भत्ता पाउने भएपछि देशको ढुकुटी त अब राजनीतिक नेता अनि कार्यकर्ताको भकारी सावित हुँदैछ । जुन बेला मन लाग्यो झिक्यो खायो । क्या मजाको प्रजातन्त्र । आत्मनिर्भर अर्थतन्त्र नभएको हुण्डीले चलेको देश यिनीहरुको तलब भत्ता भुक्तानी गर्न कति सफल होला त्यो त निकट भविष्यले बताइहाल्ने नै छ । यस अवस्थालाई ठेगाना लगाउन के अब फेरि देशले नयाँ आन्दोलन खोजेकै हो त ?

## सम्पादकीय

# निर्वाचनको निष्पक्षतामा प्रश्न

वैशाख ३१ गते तीनवटा प्रदेशमा स्थानीय निर्वाचन हुन गइरहेको छ । झन्डै बीस वर्षपछि हुन लागेको निर्वाचनमा जनसहभागिता उल्लासमय ढंगकै देखिएको छ । निर्वाचन प्रयोजनका लागि निर्वाचन आयोगले निर्धारण गरेको आचारसंहिताअनुसार यसपल्टको निर्वाचनमा भित्तामा रंगीबिरंगी पम्प्लेट, पोस्टरहरू टाँसिएको छैन । त्यसैगरी जथाभावी व्यक्तिका घरहरू र सार्वजनिक पर्खाल, मन्दिर, सत्तल, चौताराहरूमा भित्तेलेखन गरी फोहोर पार्ने प्रचलन हटेर गएको छ । वातावरण नै फोहोर हुने गरी गरिने तुल, ब्यानर, भित्तेलेखन र पम्प्लेटको प्रचलन हटे पनि छिनछिनमा विभिन्न पार्टीका झन्डा भिरेका गाडीहरू माइकिङ गर्दै घरआँगनमा आएर ध्वनि प्रदूषण गराउने काम भने प्रतिस्पर्धात्मक ढंगले चलिरहेको छ ।

निर्वाचनको दौरानमा सामाजिक सञ्जालहरूमा गरिएको अस्वास्थ्यकर ढंगको प्रचारप्रसार र गालीगलौजमा भने आचारसंहिताको लगाम लगाउन सकेको पाइँदैन । ठूला दलहरूका समर्थकहरूले आचारसंहिता विपरीत ढंगका सामग्रीहरू पोस्ट गर्ने कामलाई तीव्रता दिएका छन् । यसैगरी निर्वाचनमा ठूला दलका उम्मेदवारहरूले पैसाको खोलो राम्रै ढंगले बगाइरहेका तथ्य विभिन्न घटनाले पुष्टि गरेका छन् । मुख्य समर्थक र सहयोगीहरूलाई मदिरासहितको डिनरमा सहभागी गराउने त्यसैगरी टोलैपिच्छे चियाखाजा, खानासहितका गोष्ठी, छलफल, उम्मेदवार परिचय कार्यक्रम आयोजना गरेर मत प्रभावित गर्ने काम गरिँदै आएका छन् । मोटरसाइकल ऱ्यालीमा रोक लगाएको भए तापनि ठूला दलहरूले पालन गरेका छैनन् ।

निर्वाचन प्रचारका क्रममा हेलिकप्टर प्रयोग गर्न नपाइने गरी आयोगले पहिला आचारसंहिताको मस्यौदा गरेको भए पनि पछि ठूला दलको दबाब थेग्न नसकी त्यसलाई हटाइदियो । अहिले केही नेताहरू हेलिकप्टर चढेर मतदाता भेट्न पुगेका खबर सञ्चारमाध्यमहरूमा आइरहेका छन् । पैसा र शक्तिको अगाडि सानातिना दलका उम्मेदवारहरू त्यसै ओइलाएर गएको अवस्था छ । लोकतान्त्रिक मूल्य, मान्यता र पद्धतिको जतिसुकै वकालत गरे पनि निर्वाचन चिन्ह वितरणदेखि नै भेदभाव खेपेका साना दलहरू निर्वाचन गतिविधिमा समेत आर्थिक र भौतिक कारणले पछि परेका छन् । कतिपय ठाउँमा उम्मेदवारी दर्तामा समेत ठूला दलले रोक लगाएको गुनासो साना दलले गरेका छन् ।

यसैगरी निर्वाचनको निष्पक्षतामा पनि गम्भीर प्रश्न उठ्ने गरेको छ । निर्वाचन गराउने सिंगो कर्मचारीतन्त्र दलीय विभाजनमा छ । विभिन्न राजनीतिक दलैपिच्छे खुलेका कर्मचारी संघ, संगठनहरूमा विभाजित कर्मचारीले दलीय स्वार्थअनुरूप काम गर्ने नै भए । त्यसमा पनि शिक्षकहरू खुलमखुल्ला दलका झन्डा बोकेर हिँड्ने गरेका छन् । राष्ट्रिय ढिकुटीदेखि तलब खाने कर्मचारी, शिक्षकहरूलाई दलका झोले बन्ने परम्परामा रोक नलगाएसम्म निर्वाचनमा निष्पक्षताको प्रत्याभूति दिन सकिँदैन ।

निर्वाचनको दौरानमा विकासे कार्यक्रम बाँड्ने, डोजर चलाएर बाटोघाटो खन्ने, सार्वजनिक निर्माणको शिलान्यास, उद्घाटन गर्ने जस्ता क्रियाकलाप आचारसंहिता विपरीत भए पनि यसखाले क्रियाकलापले प्रश्रय पाइनै रहेका छन् । यस्तै खसी, राँगा काटेर भोजभतेर गर्ने चलन मौलाइरहेको छ भने मदिराको खोलो बग्ने गरेको तथ्य मदिरा बिक्रीको बढ्दो रेकर्डबाट छर्लंग हुन्छ । निर्वाचनसँगै आर्थिक क्रियाकलाप बढ्नु र व्यापार फस्टाउनु नराम्रो कुरा होइन तर त्यसको प्रयोजन मत प्रभावित गराउने काम हुनु भनेको निष्पक्ष निर्वाचनको नारामा गम्भीर प्रश्नचिन्ह खडा हुनु हो ।

# आफ्नै मनस्थितिले धोका दिएपछि



**जगदीश लामिछाने**
रौतहट, पौराई

घरघरमा थन्किएका हस्तलिखित प्राचीन हिमवत् खण्ड पुराणमा उल्लिखित बदरिकाश्रम आदि सुशोभित नेपाललाई सत्ता प्रमुखले नै आफ्ना छोरा भतिजामा बाँडिदिँदा २२ से र २४ से हुन पऱ्यो । फेरि पाल्पाको विशाल क्षेत्र मकवानपुर, गोरखापुर, विजयपुर आदि गंगा उत्तरका टिस्टासम्मैका यसैगरी बाँडी दिएर काठमाडौं उपत्यकामा त्यो महारोग छिरेपछि श्री ५ पृथ्वीनारायणले २५ वर्ष लगाएर एकीकरण गरेको सबैलाई थाहै छ । ती स्वदेश बाँडी दिने सबै सत्ताधारीलाई आफ्नै मनस्थितिले धोका दिएकै हो ।

पछि चन्द्रशमशेरले केही राम्रो गरी बेलायतमा राजदूताबास खोले पनि अंग्रेजका चिप्ले कुरा र पैसामा भुलेकै देखियो । यसैले उनी श्री ३ जंगबहादुर जस्ता हुन पाएनन् । श्री ३ पद्मशमशेर श्री ३ मोहनशमशेरका क्रमशः मौखिक उपलब्धि टिस्टा काँगडा समर्थक र पछिल्ला १९५० कै दुई सन्धि लिखितै छन् । ती दुवै भारत र बेलायतसँग उनका छोरा विजयशमशेर सोही समयमा भारतीय भूमि प्रेसित नेपाली राजदूतमार्फत गराएको बिर्सिए । श्री ३ जुद्धको त कुरै भएन । अरु राणा आफ्ना नगद जोगाउन भारतै छिरेर उतै मरे । त्यही कुरो सम्झाउन दार्जिलिङका सुवास घिसिङले दार्जिलिङ नेपालकै हो भनी दिल्ली सर्वोच्च न्यायिक निकायसम्म लिखित विज्ञप्ति जारी गरी पुग्दा नेपाल माताको हितमा विद्वानहरु कराइरहे । भारतीय पण्डित जवाहरलालले १९५४ मै आफ्ना परराष्ट्र सचिव विके नेहरु नेपाल पठाइ अध्ययन गराई रहे तर पनि नेपाली सत्ता मात्र होइन राजनीतिक कुनै वृत्तले सत्ता मोहले नेपाली हितमा कुरा खोतल्न सकेन, टिस्टा काँगडा हाम्रो हो भनी सार्वजनिक रुपमा भनेनन् । यसैले ठ्या राणा र मठ्या राणाहरु प्रयोग गरी विदेश खेलिरह्यो । नेपाल भारत वेष्ठित छौं भन्दै नेताहरु निदाइरहे । यो पनि नेपाली नेताहरुलाई उनकै मनस्थितिले धोका दिएकै हो ।

वि.सं. २००४ नेपालमा महत्वपूर्ण त हुँदै हो यसै बेला बेलायतमा १९४७ मा संसदबाट भारतीय प्रायद्विप पुरानै अंग्रेजले लिनुभन्दा पहिलेकै अवस्थामा छोडिने निर्णय भयो । १९५० अर्थात् २००७ वि.सं. त त्यसको निरन्तरता मात्र हो । नेपाल भारत वेष्ठित होइन भन्न नसक्नु नेपालीहरुको आफ्नै मनस्थितिले धोका दिएकै हो । नेपाली विद्वान यसमा दृढ निश्चयमै छन् ।

नेपालमा सत्तासीन श्री ५ सँग रुस समर्थक, चीन समर्थकहरु हामी नेपाली स्वयं घोषित नेता हौं भनेर अन्तर्राष्ट्रिय नारा दिएर बाझिरहने अवस्था बनाउन विदेश समर्थक हुनु नै दुर्भाग्य हो । यिनीहरुले हामी भारत वेष्ठित छौं भनी प्रजातन्त्रको दुरुपयोग गरी राष्ट्रभित्रै खेलबाड गराउन विदेश भारतसमर्थ हुनु अर्को दुर्भाग्य हो ।

तेस्रो दुर्भाग्य नेपालको संविधानसभा दिलाउने श्री ५ ज्ञानेन्द्रलाई मन्जुरी गराइँदा हुन गयो तर त्यो संविधान नेपालीहरुले बनाएरै छोडे । किनभने आफ्ना देशका विद्रोहीलाई विदेशले पालिराखेको पत्ता पाएर स्वदेशका राजनीतिक समूह दिल्ली गई नेपाल ल्याउनु र मन्त्री तथा प्रधानमन्त्री २०६४ देखि हालसम्म उनीहरुलाई दिइरहनु नेपालकै आफ्नै योग्यता हो । यसमा विदेशले १२ बुँदेको धाक लगाएर अब सम्भव रहेन । माओवादी आफ्नै नेपाली सेनामा र स्वदेशी राजनीतिक धारमा आयौं है नभन्नु चाहिँ नेपाली राजनीतिकर्मी सातै दलको मनस्थितिले धोका दिएकै हो ।

अब परिस्थिति पूर्ण रुपमा फेरिएको छ । उहिले सुवास घिसिङले भनेको कुरामा समेत के रहेछ भनी ४ जना भारतका र ४ जना नेपालका प्रबुद्ध समूह सरकारी तवरबाटै खटिएर सबै समस्या हेरिरहेछन् भने अब भारत र नेपालको हित मात्र हेर्ने दुवै देश लागेको अवस्थामा नेपाली सत्ता पुराना र नयाँ एक हुनैपर्छ । विदेश हँसाई आफ्नै प्रजातन्त्रको मर्म नेपाली प्रधानन्यायाधीशलाई महाअभियोग अनर्थमा लगाएर आसन्न चुनावमा नेपाली कांग्रेस र माओवादी वृत्तले आफ्नै देशभरको चुनावमा आफैंलाई धोका आफैंले दिएकै हो ।

मति भ्रम भएर आफ्नै मनस्थितिले हामी नेपालीलाई मात्र धोका परेको होइन शक्तिराष्ट्रहरु पनि आफ्ना गोप्य हतियार निर्माण प्रविधि अरुलाई थाहै नपाएर दिइरहेछन् । शंकै शंकामा तँछाडमछाड गर्दैछन् । केही दशकमा आफ्नै स्वदेश फुटेर जुट्ने दुःख संसारमै देखिएकै छ । ठूला राष्ट्रले हमबडापन प्रदर्शन गर्दा पनि यस्तो भएको हो । वास्तवमा संसारका प्रत्येक सार्वभौम राष्ट्र कुनै ठूला र कुनै साना होइनन् सबै समान छन् ।

यसैले भारत चीन र नेपाल पनि आफ्ना सहअस्तित्वमा चुक्नु हुँदैन यतिमात्र विशेष गरी ठूला देशबाट भयो भने हामी तीनवटै देशको कल्याण हुनेछ । अन्यथा हुने छैन । यही नेपालीको भनाइ हो । जति चाँडै हाम्रो नेपाल भारत र चीनको सहअस्तित्व यो क्षेत्रमा बुझिनेछ । त्यत्ति चाँडै हामी तीनै देशको शान्ति र समृद्धि हुनेछ । आफ्नै कारणले हामी तीन देशले आफैंलाई धोका दिइरहनु भएन ।

## अबको क्रान्ति : पर्यावरणीय

**सुदर्शन प्रधान**

# धर्म र धरती

नेपालमा झन्डै २ करोड ७० लाख जनसङ्ख्या छ । त्यसमध्ये बालबालिका र सीमित भौतिकवादीहरुबाहेक अरु ९० प्रतिशत मानिसहरु धर्मलाई महान् मान्छन् र आआफ्नो धर्मलाई सर्वोपरि ठान्छन् । त्यसमा क्रमशः राख्ने हो भने हिन्दू, बौद्ध, क्रिस्चियन, इस्लाम, सिखलगायत पर्छन् ।

अर्थात् नेपालमा झन्डै २ करोड मानिस धर्ममा आस्था एवम् विश्वास राख्छन् र आआफ्ना धार्मिक अनुष्ठानहरु परिपालना गर्छन् । त्यसका अनेकौं रुप छन्– हिन्दू महिलाहरु तिजमा व्रत बस्नु र सयौं जम्मा भएर नाचगान गर्नु; काठमाडौंका नेवारहरु रातो मछिन्द्रनाथ, सेतो मछिन्द्रनाथको रथ तान्न दसौं हजारको सङ्ख्यामा अगि सर्नु र लाखौंको भीड लाग्नु, कुमारी पूजा, लाखेनाच, गाईजात्रामा दसौं हजारले प्रदर्शन गर्नु, इस्लामहरुले हज गर्नु आदि । त्यसरी नै हरेक समुदायका आआफ्ना धर्म, परम्परा र संस्कारहरु छन् ।

क्रिस्चियनहरु हरेक शनिबार भेला भई परमेश्वरको भजनकीर्तन गर्नु, इस्लामहरु इद, बकर इद तथा रोजामा झन्डै एक महिना व्रत बस्नु त्यसका केही प्रमाण हुन् ।

एक जना धार्मिक मानिसले औसत वर्षको ३० दिन त्यसै व्यतीत गर्छ । यदि उसले प्रतिदिन केवल रू. ३०० ।– बराबर मात्र उत्पादन गर्छ भने पनि २ करोडको रू. ३०० ।– ले १ अरब ८० करोड डलर हुन आउँछ । धर्मभीरू, सन्तमहन्त, पण्डित, पुरोहित, ब्रह्मचारी, भिक्षु, भिक्षुणी, फादर, मदर, खलिफाहरु वर्षैभरि आआफ्नो धर्म, संस्कार र संस्कृतिको संरक्षण र संवर्द्धन तथा धार्मिक अनुष्ठानमा मरिमेटिरहेका हुन्छन् । उनीहरुको कुल सङ्ख्या औषत प्रतिजिल्ला ५०० जना राख्ता र दैनिक रू. ३०० को उत्पादन हुन्छ भनी मान्दा ३६५ दिनमा झन्डै ४१ लाख डलर हुन्छ । यो न्यूनतम श्रमको कुरा मात्र भयो । अझ त्यसमा दानदक्षिणा, भूदान, गौदान, स्वर्णदान, अन्नदान, वस्त्रदान, अक्षता, फलफूल र मठमन्दिरहरु, गुम्बा, चर्च र मस्जिदहरुको निर्माण, पुनःनिर्माण तथा मर्मत सबै जोड्ने हो भने १ अरब ८० करोड डलरजति पर्न आउँछ । यसरी केवल नेपालमा मात्र ३ अरब ६१ करोड डलर स्वर्ग र नर्कमा विश्वास गरी मानिसहरु समर्पण गर्छन् । समय, शक्ति, श्रम र दाम चढाएर आआफ्नो धर्म, संस्कृति उठाउन र संरक्षण गर्न उनीहरु कुनै पनि मूल्य चुकाउन पनि तयार छन् । यो प्रवृत्ति संसारभरि व्याप्त छ । आज झन्डै ७ अरब २० करोड जनसङ्ख्या भएको विश्वमा करिब ९० प्रतिशत मानिसहरु एक न एक धर्मका अनुयायी छन् र नेपालीहरुझैं संसारभरिका ती मानवहरु संस्कृति, धर्मका लागि आत्मैदेखि समर्पित छन् । नेपालीको औषत मूल्य प्रतिवर्ष प्रतिव्यक्ति १३३७ डलर पर्न आउँछन् । यो भनेको नेपालीको वार्षिक प्रतिव्यक्ति आयभन्दा झन्डै ३ गुणा बढी हो । नेपालीहरुको यही तथ्यलाई आधार मान्दा विश्वमा प्रतिवर्ष १० लाख अरब डलर काल्पनिक स्वर्ग र नर्कमा चढाउँदा रहेछन् । धार्मिक आस्था र विश्वासमा समय, श्रम र शक्ति व्यतीत गर्दा रहेछन् ।

धन्य धरती ! मान्छेलाई ती सबै खालका धर्म, कर्म र दान चढाउन तिम्रो जल, जमिन, जङ्गल, जडीबुटी, जीवजन्तुहरु सबै स्वाहा पारिन्छन् । मान्छेलाई बाँच्न चाहिने हावा, पानी, अन्न, कपडा त स्वाभाविक छ, विकास निर्माणका लागि खाँचो पर्ने धातु, पेट्रोलियम पदार्थ निकाल्नु पनि मनासिबै छ, मनोरञ्जनका लागि खेलकुदका सामानहरु, नाचगानका वाद्यवादनहरु, सीमित शृङ्गारपटारका वस्तुहरु बनाउनु पनि ठीकै छ; आवश्यक आधुनिक हवाईजहाज, मोटरगाडी, कम्प्युटर, घडी, क्यामरा, फ्याक्स, फोन, रेफ्रिजेरेटर, एअर कुलर, स्टेथोस्कोप, एक्स-रे मेसिनलगायत हजारौं वैज्ञानिक उपकरण र यन्त्रहरु बनाउनु र परिष्कृत तुल्याउनु खाँचो पर्दो कुरै हो । तर नदेखेको, नभोगेको, कपोकल्पित पूर्वजन्म र पुनर्जन्ममा आस्था र विश्वास गरी त्यसैको बचावटका लागि अमूल्य समय, श्रम र शक्ति लगाउनु, अझ त्यसका लागि प्रकृतिको गर्भका अमूल्य निधिहरु नष्ट गर्नु किमार्थ बुद्धिमानी होइन ।

भगवान् मान्ने नै हो भने सर्वप्रथम प्रकृति र तिनका अभिन्न अङ्गहरुलाई मान्नुपर्छ र त्यसको बचावट गर्न लाग्नुपर्छ ।


*क्रमशः*

# मैले देखेको छैटौं विश्व आश्चर्य : चीनको ग्रेटवाल

— सुरेन्द्र ढकाल —



अन्तरिक्षबाट देखिएको ग्रेटवाल





ग्रेटवालमा सुरेन्द्र ढकाल (तल) र पर्यटकको घुइँचो (माथि)



ग्रेटवालमा कहीं कहीं सिंढी पनि रहेको छ



टाढाबाट देखिने ग्रेटवालको लामो भाग



बेजिङ महानगरमा राखिएको पर्खालको अंश



झन् टाढाबाट देखिने ग्रेटवालको धेरै लामो भाग

विश्व आर्श्चयहरु एकपछि अर्को गर्दै हेर्ने सौभाग्य मिलिरहेको परिप्रेक्ष्यमा चीनको लामो अनि ठूलो पर्खाल कहिले हेर्ने मौका मिल्ला भनेर म ढुकेर बसिरहेको थिएँ । बच्चा छँदा बुझ्ने भएपछि मैले मुनामदन पढेको थिएँ । पछि ठूलो भएपछि मुनामदन गीति नाटक हेरेपछि पैसा कमाउन जाने सुनको खानी ल्हासा कस्तो होला भन्ने जिज्ञासा पनि मेरो मनमा त्यतिकै थियो । झन् त्यसमाथि बेजिङ ल्हासा रेल चलेको खबरले मभित्र झनै नयाँ कौतुहलता छायो । अनि मैले सोचें अब म एकै भ्रमणमा चीनको ग्रेटवाल, बेजिङ ल्हासा रेल चढ्ने अनि ल्हासा हेर्ने काम सक्छु । अकस्मात एक दिन मेरा अनन्य मित्र लिलामणि पौडेल ल्हासाका लागि नेपाली महावाणिज्यदूत भएको खबर पाएँ । म त्यतिखेर गलैंचा निकासीकर्ता संघको कार्यकारी सल्लाहकार भएर काम गर्थें र त्यस जिम्मेवारी वहन गर्ने क्रममा वर्षको एकपटक कार्पेट जरनल सम्पादकको रुपमा मैले नै निकाल्न पर्दथ्यो । त्यस जरनलको तेस्रो अंकको लागि लेख माग्ने सन्दर्भमा तत्कालिन उद्योग वाणिज्य मन्त्रालयका सहसचिव लिलामणिसँग मेरो चिनजानी भएको थियो । आनाकानी नगरी उहाँले लेख दिने वचन दिनुभयो । पछि लेख पनि छापियो । त्यही क्रममा उहासँग मेरो घनिष्ठता बढेको थियो । त्यसताका भर्खर इमेल लेख्ने चलन चलेको थियो । मैले उहाँलाई इमेलबाट आफू ल्हासा आउन चाहेको बताएको थिएँ र उहाँले मेरो आग्रहलाई सहर्ष स्वीकार गरेपछि २००५ को सेप्टेम्बर महिनातिर मैले भ्रमणको योजना बनाएँ । जाँदा हवाईजहाजबाट ल्हासा हुँदै बेजिङ जाने अनि आउँदा रेलबाट बेजिङ ल्हासा भई ल्हासाबाट खासा हुँदै नेपाल फर्कने योजना बनाई म आठ सेप्टेम्बर २००५ मा एअर चाइनाको विमानबाट काठमाडौं ल्हासा, चंग्दु हुँदै बेजिग पुगेको थिएँ । काठमाडौं ल्हासाको उडान अवधि करिब डेढ घन्टाको थियो । मुख्यतया स्टिल र सिसा, आरसीसीको संरचनामा बनेको ल्हासा विमानस्थल अति नै आधुनिक रहेछ । मैले सोचेभन्दा सोह्रै आना फरक । विमानस्थल तिब्बतमा भएको आधुनिक विकासको नमुनाभन्दा फरक नपर्ने रहेछ । झन त्यसमाथि चंग्दुको अन्तर्राष्ट्रिय विमानस्थल युरोपको कुनै पनि विमानस्थलभन्दा तल्लो कोटिको मलाई लागेन । चीनको समयअनुसार राति १० बजे म बेजिङ ओर्लिएँ । बेजिङ विमानस्थल न्युयोर्कको जोन अफ केनेडी विमानस्थलभन्दा पनि ब्यस्त र आधुनिक हो कि जस्तो मलाई लाग्यो । एक चिनियाँ महिला मित्र जोलिनले फोनको माध्यमबाट चंग्दु विमानस्थलबाटै मेरो लागि एक दुईतारे होटल बुक गरिदिएको हुनाले विमानस्थलबाट म सिधै सटलबस चढेर बेजिङको सहरको केन्द्रतिर लागेको थिएँ । बसको सिटमा आफैंसँग बस्ने अर्की एक मेरै उमेरकी यी स्यूअ नाम गरेकी चिनियाँ महिलाले मलाई होटलसम्म पुऱ्याउन सहयोग गरिन् । यस प्रकार राति ११ बजे म होटलमा पुगेको थिएँ । दैनिक २०० यूआन (त्यतिखेरको करिब रु. १९५०) तिर्नुपर्ने उक्त होटलमा ब्रेकफास्टको बेग्लै ५ युआन (रु ४८) तिर्नुपर्ने रहेछ । जुन काठमाडौंभन्दा कुनै हालतमा पनि महँगो थिएन ।

अब बेजिङमा हेर्नुपर्ने कुरा भनेको मेरो लागि ग्रेटवाल (चीनको पर्खाल) थियो । खोज्दै जाँदा म थिआनयानम्यान चोकतिर हानिएँ । चोकको दक्षिणपूर्वी कुनामा एक ट्राभल एजेन्ट रहेछ र त्यसैले मिनिबसमा ग्रेटवाल घुमाउन लग्दो रहेछ । उसले मसँग ग्रेटवाल साइट सिइङ टिकट भनी २०० यूआन माग्यो जबकी मैले पाएको सूचनाअनुसार १६० यूआनमात्रै हुनुपर्ने थियो । मैले १६० यूआनभन्दा बढी नतिर्ने अडान लिएँ पछि अत्यमा उसले १६० यूआनमा नै मलाई टिकट दियो र बसले भोलिपल्ट आठ बजे होटलबाटै पिकअप गर्ने जानकारी मलाई गरायो । नभन्दै सेप्टेम्बर ३० को बिहान पौने आठ बजे एक मिनिबस मेरो होटलको अगाडि आएर रोकियो । महिला गाइडले संकेत गरेअनुरुप म बस चढें । बसमा हामी नेपाल, भारत, इरान, अष्ट्रेलिया, पोलैण्ड, जर्मनी, पोर्चुगल र चीनको गरी १२ जना थियौं । बस आफ्नो गन्तब्यतर्फ अघि बढ्न लागेपछि हामीले एक अर्कासँग परिचय गरी इमेलको आदानप्रदान गऱ्यौं । १२ जनामध्ये पोलैण्डकी एक महिला, अष्ट्रेलियाका एक जोडी र इरानकी एक महिला नेपाल आउन इच्छुक रहेछन् । मैले उनीहरुलाई नेपाल आए सक्दो सहयोग गर्ने वचन दिए र इमेल सम्पर्कमा बस्न अनुरोध गरें । हामीलाई ग्रेटवाल लग्ने भनिए तापनि बेजिङमा रहेको बहुमूल्य पत्थर, रत्न जवाहरत बनाउने कारखाना, मिङ वशको राजाको चिहान, बेजिङको रेशम उत्पादन कारखाना, र सरकारी चिया उद्योग प्रवर्द्धन केन्द्रको समेत अवलोकन गराउने कार्यक्रम रहेछ । यस क्रममा सबैभन्दा पहिले हामीले बहुमूल्य पत्थरको कारखाना ( Jade Factory) को अवलोकन गऱ्यौं । कारखाना विशाल थियो । हामीजस्ता हजारौं पर्यटकहरूले त्यहाँ अवलोकन गर्न गई बहुमूल्य पत्थर कसरी बनाइन्छ भनेर आफ्नै आँखाले हेर्न पाउँदा रहेछन् । पैसा मनग्गे बोकेर जानेहरूले किन्दा पनि रहेछन् । त्यहाँ सबैभन्दा सस्तो भनेको ३०० यूआनको औंठीमा राख्न सकिने सानो पत्थर र महँगोमा ५० हजार यूआनसम्म पर्ने पत्थर पनि हुँदा रहेछन् । करिब ४५ मिनेट त्यस कारखानाको अवलोकन गरेपश्चात् हामी मिङ वंशको चिहान हेर्नेतर्फ लाग्यौं र करिब आधा घन्टाको बसको सफरमा हामी घना धुपीको जंगलले ढाकिएको सानो पहाडको फेदीमा पुग्यौं । पेगोडा शैलीमा कलात्मक तरिकाले बनाइएको विशाल प्रवेशद्वार, त्यसपछिको विशाल सभाकक्ष अवलोकन गर्दै अर्को एक सानो कलात्मकद्वारबाट प्रवेश गरी अन्तिम मन्दिरको माथिल्लो तलामा मिङ वंशका राजाको चिहान राखिएको रहेछ । आठ हजार रानी र पटरानी भएका राजाले आफ्नो सेवामा चुक्ने रानी पटरानीहरूलाई जिउँदै खसाल्ने विशाल इनार मन्दिरको दोस्रो तलामा जाने बाटोमा रहेछ । सरकारद्वारा संरक्षण गरिएको त्यस क्षेत्रमा रहेका ३०० वर्षसम्मका पुराना रुखमा हरियो र ३०० वर्षभन्दा बढी पुराना रुखहरूमा रातो टाँचा लगाइएको रहेछ । करिब एक घन्टा जति त्यस क्षेत्रको अवलोकन गर्दा बिहानको साढे ११ बजिसेकेको थियो र हामीलाई अब दिउँसोको खाना खान लग्ने र खाना खाइसकेपछि मात्रै ग्रेटवालको अवलोकनमा लग्ने जानकारी गराइयो । हामी सबैले सोचेका थियौं कि अब हामीलाई लञ्चको लागि कुनै रेष्टुराँमा लगिन्छ होला भनेर तर हाम्रो अनुमान विपरीत हामीलाई पुन: अघिकै बहुमूल्य पत्थर कारखानाको क्याफेटेरियामा लगियो । त्यहाँ पुगेपछि बल्ल हामीले बुझ्यौं कि गाइडको माध्यमद्वारा त्यस कारखानामा समूहमा अवलोकन गर्न जाने कुनै पनि पाहुनाहरूको समूहलाई सित्तैमा लञ्च गराइने रहेछ । यद्यपि अघिल्लो दिन टिकट किन्दा लञ्च टिकटमा नै समावेश भएको जानकारी गराइएको थियो । चिनियाँहरूको बजार रणनीति (Marketing Strategy ) देखेर हामी नतमस्तक भयौं । यद्यपि हाम्रो समूहका दुईजनाले मात्र चिनोको रुपमा त्यहाँ केही कुरा खरिद गरेका थिए । दिउँसोको खाना खाएपछि बल्ल हामी ग्रेटवाल पुग्यौ ।

## ग्रेटवाल

चीनको ग्रेटवाल इँटा, ढुंगा, वज्र अनि काठले बनेको पर्खालरुपी किल्ला हो । चीनको उत्तरी भागमा पूर्वदेखि पश्चिमसम्म फैलिएको यो पर्खालको निर्माण इशाभन्दा सात शताब्दीअघि नै सुरु भए तापनि चीनलाई सन् १३६८ देखि १६४४ सम्म राज्य गर्ने मिङ वंशको शासनकालमा यो पर्खालको निर्माणकार्य सम्पन्न भएको थियो । अन्तरिक्षबाट पृथ्वीलाई हेर्दा सगरमाथाबाहेक देखिने कुरा भनेको यही पर्खालमात्रै भएको कारणले होला यसलाई मानव निर्मित विश्व आश्चर्यको वस्तु मानिएको छ । पुरातनकालमा यूरेसियाबाट आउने नोमाड याने घुमन्तेहरुको आक्रमणबाट चीनलाई सुरक्षा दिने उद्देश्यले किल्लाको रुपमा यो पर्खाल निर्माण भएको थियो । पछि सिल्कर ोडबाट आयात गरिने वस्तुको निगरानी, आप्रवासीहरुको चीन प्रवेशमा नियन्त्रण गर्ने कार्यको लागि पनि यो पर्खालको प्रयोग हुने गर्दथ्यो । पछि सैनिकहरुले दूर निगरानी गर्ने टावरको रुपमा पनि यस पर्खाललाई प्रयोग गर्दथे । पूर्वबाट पश्चिम जानु पर्दा हिँड्ने बाटोको रुपमा पनि चिनियाँहरुले यसको प्रयोग गर्दथे । यो पर्खाल पूर्वमा तान्दोगबाट सुरु भई पश्चिममा लोपतालमा गई यसको अन्त्य हुन्छ । यसको कुल लम्बाई २१ हजार १९६ किलोमिटर रहेको छ । चिनियाँहरु ८ देखि ५ ईशापूर्वमा नै पर्खाल बनाउने कलामा पोख्त थिए । छिन वंशका सम्राट चङले २२१ इशापूर्वमा नै एक केन्द्रिकृत सामन्ती राज्यको रुपमा चीनको एकिकरण गर्ने क्रममा कतै उनले यस पर्खालका केही भाग भत्काएका थिए भने केही ठाउँमा नयाँ पर्खाल बनाएका पनि थिए । यस पर्खाल बनाउने क्रममा दश लाख चिनियाँ कामदारहरुले मृत्युवरण गरेका थिए । १४ औं शताब्दीमा आएर मिङ वंशले यस पर्खाललाई पुनर्जीवन दिएका थिए । सन् १६४४ यही पर्खाल पार गरी सफल आक्रमण गर्न सकेकै कारण मिङ वंश मंचु वंशद्वारा विस्थापन भएको थियो । चीनको भ्रमण गर्ने पहिलो युरोपेली मार्कोपोलोले आफ्नो यात्रा बृतान्तमा यो पर्खालको वर्णन गरेका छन् । दोस्रो अफिम युद्धमा युरोपेलीहरुसँग चीनको हार भएपछि यो पर्खाल पर्यटकहरुको लागि खुला गरिएको थियो । बेजिङको महानगरपालिकाभित्र पर्ने यस पर्खालको केही अंश सबैभन्दा बढी प्रख्यात छ । यसैकारणले होला यस खण्डको नियमित जिर्णोध्दार गर्ने गरिन्छ र बेजिङ आउने पर्यटकहरु पर्खाल हेर्न आउने स्थल पनि यही हो । पर्खालका अरु भागहरु पूरै जिर्णोद्धार भैनसकेको कारण कतैकतै भग्नावशेष जस्तो पनि देखिन्छ । यस पर्खालको औषत उचाई ७ दशमलव ८ मिटर र चौडाइ ५ मिटर रहेको छ ।


**Remember us for the Construction of Private and Public Works**

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

Load-shedding No Problem

Solar-hybrid inverts are now available with heavy discount

**Upto 15KVA**

With 24 months Warranty

Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.

B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

**दाँते सोसाइटी नेपाल**

नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।

फोन : ९८५१०२३६७०, ४४४१८१२

- तपाईको जीवन लागु पदार्थको अधिनमा छ ? हाम्रो जीवन र समुदायलाई लागु पदार्थबाट टाढै राखौं ।
- हाम्रो चाहना: दुर्व्यसनरहित स्वस्थ र सुखी जीवनको कामना ।
- लागु पदार्थको साटो- स्वस्थ जीवनको बाटो ।
- लागु औषधको सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य विग्रन्छ । यसको प्रयोगबाट आफू,परिवार, समाज र राष्ट्रलाई नै अपूरणीय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहने प्रयत्न गरौं ।
- लागु पदार्थ रहित स्वस्थ समुदायका लागि विश्वव्यापी अभियान ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

आधा आकाश

■ ध्रुव लम्साल

# एकल महिला : राहत न अनुदान

**पहुँच र प्रभावको अभावमा धादिङका एकल र वृद्ध महिलाले दुई वर्ष पुग्न लाग्दा पनि भूकम्पपीडितको परिचयपत्र पाएका छैनन् । परिचयपत्रको अभावमा राहत न अनुदानको अवस्थामा छन् उनीहरू ।**



धादिङ । सलाङ छापगाउँ-२ की खड्गकुमारी योगी ६१ वर्षकी भइन् । १५ वर्षअघि गाडीको ठक्करले श्रीमान्को मृत्यु भएपछि एकल जीवन बिताउँदै आएकी खड्गकुमारीले जसोतसो ढुङ्गामाटोको एकतले घरमा जीवन बिताउँदै आएकी थिइन् । त्यही घर पनि विनाशकारी भूकम्पले भत्काइदियो ।

भूकम्पपछि गाउँलेसँगै टहरोमा बस्दै आएकी खड्गकुमारीले राहतस्वरूप तीन पाता जस्ता र एकबोरा चामल, पाँच प्याकेट चाउचाउ र एउटा त्रिपाल पाइन् । भूकम्प गएको केही दिनमै प्राविधिक टोली गाउँमा आए । तर, उनको आँगनमा कोही पनि आइपुगेन । 'मेरो पनि कसैले नाम टिपाइदियो होला भन्ठानें । के गर्नु म बूढी भनेर होला नि, कोही पनि आएनन्,' खड्गकुमारीले दुखेसो पोखिन् ।

केही दिनपछि अर्को खबर आयो, 'अब भूकम्पपीडितले १५ हजार पाउने भए ।' खड्गकुमारी पनि दिनभर पन्ध्र हजार लिन लाइन बसिन् । साँझतिर पैसा बाँड्न आउने मान्छेले भने, 'तपाईंको कार्ड छैन । पैसा पाउनुहुन्न ।'

राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला संयोजक स्थानीय लालबहादुर मगरसँग खड्गकुमारीले गुनासो गरेपछि उनले पनि जिल्लामा कुरा गर्ने बताएका थिए ।

नभन्दै पर्सिपल्ट लालबहादुर जिल्ला सदरमुकाम धादिङबेसी पुगे, खड्गकुमारीजस्तै नाम छुटेका अरू चारजनाको नाम लिएर । जिल्लामा नाम टिपाए र गर्नुपर्ने ठाउँमा सहीछाप पनि गरे । भदौ, असोज हुँदै पुस लाग्यो । फेरि गाउँमा अर्को खबर आयो, 'न्यानो कपडाका लागि राज्यले अरू १० हजार दिने भयो ।'

खड्गकुमारी फेरि लाइनमा बसिन् । तर, पैसा बाँड्नेहरूले त्यही जवाफ दिए, 'तपाईंको नाम रहेनछ, पाउनुहुन्न ।' खड्गकुमारी भन्छिन्, 'विधवाको हारेको कर्म भन्थे बाबु ? हो रहेछ ।' पहिलो किस्ताको १५ र दोस्रो किस्ताको १० हजार नपाएकी खड्गकुमारीको कार्ड पाउने आस अझै बाँकी छ । खड्गकुमारी मात्रै होइन, धादिङमा त्यस्ता धेरै महिला छन् जसको भूकम्पले घर भत्कायो । पहुँच नपुगेको कारण कार्ड बनेन र आसैआसमा दुई वर्ष बित्नै लागिसक्यो ।

नलाङ पाल्लेकी लीलाकुमारी श्रेष्ठ पनि उमेरले ८३ वर्ष लागिन् । जीवनमा पहिलोपटक भूकम्पको मार खेपेकी लीलाकुमारी पनि एकल महिला हुन् । 'श्रीमान् बितेकै २८ वर्ष भयो, बालबच्चा त हुर्काएँ, बुढेसकालमा रुझेर मरिने भयो,' चैत महिनामा परेको पानीले रुज्दै गरेकी उनले भनिन् । त्यसो त लीलाकुमारी गएको वर्षामा पनि रातभरि रुझेरै बसेको बताउँछिन् । 'टहरोमा ठूलो पानी पर्दा सप्पै भल भित्रै पस्छ,' अस्थायी टहरो देखाउँदै उनले भनिन् ।

धादिङको नलाङ, सलाङ, खरी, मैदी, मुरलीभञ्ज्याङ ज्यामरुङलगायतका गाविसमा भूकम्पपीडित कार्डबाट वञ्चित हुनेहरूमा धेरैजसो एकल र वृद्ध महिला छन् । छोराबुहारीले राम्रो व्यवहार नगरेर छुट्टै बसेका र एकल महिलालाई भूकम्पपछि सरकारले दिने कुनै पनि राहत दिइएको छैन ।

प्राविधिक टोली प्रत्येक घरमा नपुग्ने, घरमा पुग्दा पनि कामको सिलसिलामा ती घरबाहिर हुँदा नाम छुट्ने र आफ्नो नाममा जग्गा नहुनेहरूले राहत कार्डबाट वञ्चित हुनुपरेको छ ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले एकल र वृद्ध महिला भूकम्पपीडित कार्डबाट वञ्चित हुनुपरेको स्वीकार गरे । कार्ड बन्न छुटेकाहरूको उजुरी आउने क्रम जारी रहेकाले पीडितहरूलाई सहायता दिइने उनको भनाइ छ ।

छुटेकाहरूको नाम समावेश पछि भए पनि १५ र १० हजार दिन भने नसकिने ढकालले बताए । ढकालले भने, '१५ र १० हजार त अब दिन सकिँदैन, अनुदानस्वरूप तीन लाखको भने प्रक्रिया अघि बढाउँदै छौं । तर, कार्ड बन्नका लागि मापदण्डचाहिँ पुग्नुपर्छ ।'

मुरलीभञ्ज्याङ-८ की चश्मे सर्कीको घर सदरमुकाम धादिङबेसीबाट १३ किलोमिटर माथि छ । सडकबाट हिँडेर जाँदा पाँचै मिनेटमा पुग्न सकिन्छ । उमेरले ७२ वर्ष पार गरेकी सर्कीले पनि भूकम्पपीडितको कार्ड कस्तो हुन्छ देख्नसम्म पाएकी छैनन् । उनले भनिन्, 'श्रीमान् केही पनि गर्न सक्नुहुन्न, मलाई केही थाहा भएन । मलाई कसैले सोधेन ।' 'अरूका घरमा त नौला मान्छेहरू आए, चोटाकोठा हेरे, हाम्रो घरमा कोही आएन,' उनले भनिन् ।

घरमुनिको पाटोमा राहतमा आएको जस्तापाताले अस्थायी टहरो बनाएकी सार्कीले पोहोरको वर्षा त काटिन्, यसपालि कसरी वर्षा काट्ने हो भन्ने चिन्ता उनलाई छ । भवन निर्माण विभाग डिभिजन कार्यालय धादिङका अनुसार धादिङमा ७० हजार ८ सय ४५ घरधुरी भूकम्पपीडितको सूचीमा परेका छन् । डिभिजन कार्यालय प्रमुख दिलीप भण्डारीका अनुसार ६० प्रतिशतले पहिलो किस्तास्वरूप ५० हजार रकम लगिसकेका छन् ।

सरकारले एकल, वृद्ध र अपाङ्गता भएकाहरूलाई पहिलो प्राथमिकतामा पार्ने बताए पनि धादिङका एकल महिलाले त्यसको अनुभूति गर्न पाएका छैनन् । प्रमुख जिल्ला अधिकारी ढकाल भन्छन्, 'एकल महिलालाई प्राथमिकतामा पार्ने नीति त हो, तर त्यसका लागि पनि अध्ययन गर्न केही महिना लाग्छ ।'

कुम्पुर गाविसकी सेती सर्कीको काखमा ८ महिनाको छोरा छ । भूकम्पले घर भत्काएपछि अस्थायी टहरो बनाएर कमाउन भन्दै श्रीमान् कोलकाता गए । डेढ वर्ष भयो फर्केका छैनन् । उनको पनि हालत उस्तै छ । उनी भन्छिन्, 'जाडो सकियो, हाम्ले जाडो महिनामा पाउने बाक्लो लुगा अनि पैसा केही पनि पाएकै छैनौं ।"

धादिङमा राहतबाट वञ्चित एकल महिलाको सङ्ख्या धेरै रहेको महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालकी महासचिव राधिका सापकोटा बताउँछिन् । अधिकारकर्मी सापकोटाले भनिन्, 'कतिपयको नामै छुटेको छ, जसले अनुदान सम्झौता गरेका छन्, तिनले पनि समयमै घर बनाउने सम्भावना कम छ ।'

अनुदान सम्झौता भए पनि घर बनाउनका लागि काठ, ढुङ्गा, इँटा, सिमेन्ट, रडलगायतका सामग्री जम्मा पार्नुपर्ने हुन्छ । एकल वृद्ध महिलाले यस्ता सामग्री सहजै जुटाउन नसक्ने राधिकाको भनाइ छ । प्रजिअ ढकालसमेत पुरुषहरूको तुलनामा महिलालाई घर निर्माणका सामग्री जुटाउन गाह्रो भइरहेको बताउँछन् ।

*(संचारिका फिचर सेवा)*

कविता

# म र मेरो परिचित यात्रु



प्रकाश चालिसे

बेप्रसङ्ग त्यो दिन मैले कृति पढे
अनि आफ्नो आकृति हेरे,

हेर्ने ऐना थिएन मनको ऐना हेरे
छर्लङ्ग भयो, नपढेको मान्छे,
नबुझ्ने मान्छे, म सान्है अबुझ रहेछु,

परिचित यात्रु निर्धक्क भन्न सक्नु हुन्थ्यो,
सबुझ हुनु हुँदो रहेछ वहाँ संग धेरै ज्ञान छ रे,

अक्सफोर्ड डिक्सनरी त कण्ठै छ रे अनि मैले
यसै अग्रेंजीमा इन्साइँक्लोपेडिया लेख्नु भने
परिचित यात्रुले इन्डोसाइक्लोडियापे लेख्नुभो,

परिचित यात्रुले मलाई पढाईको धेरै धाक धक्कु लगाउनुभयो,
शायद मैले त्यति राम्रो लुङ्गी लगाउन जानेको छैन होला,

यात्रु मलाई थर्काउनुहुन्छ योग गर, किताब पढ
मलाई योग भन्दा वियोग मनपर्छ, पढ्नुभन्दा परेको हेर्न मन लाग्दछ,

अझै पनि यात्रु ज्ञानको श्रीपेचको जालो बुन्दै हुनुहुन्थ्यो
म लङ्गडो मान्छे लट्ठीको साहारामा घर फर्कदै थिएँ,

सोचाई नै हो मान्छे को आ आफ्नै
थाहा छ सबैलाई आफु भित्र के छ,

किन लाउँछौ नक्कली गुण, सक्कली गुण लाएर हिडँ
हे मान्छे झुठो नबोल, फुस्त्रो आदर्श दिएर नहिँड,

बनबास नगए पनि तिमी जिन्दगीबाट अवकाश पाउँछौ
तिमी जो नै भए पनि इदि अमिन, सद्दाम हुसेनलाई पक्कै भेट्न जान्छौ,

झसङ्ग भएँ म के लेखिरहेछु यस्तो
ज्यान जाला बरू त्यो चिज हुँदैन सस्तो,

कस्तो कस्तो आलो हो कि कालो हो
उसकै पालो हो कि मेरो पालो हो,
(मात्र सबै सोचाई नै हो नि )

त्यो आँप बेच्ने साइकलवाला भैया
आँप भन्दै कराउँदै थियो,

त्यो खुसी खुइल्याएर बस्ने बगरे पनि हजारौं झिङ्गा धपाउँदै थियो
मैले सोधें साहुजी मासु बाँकी छ होला ?,

भन्यो छ, मैले सोधें किलो को कति त ?
मलाई मासु पनि किन्न नसक्ने देखेर होला, किलोको पाँच पाँउ भन्यो,

के लागेछ कुन्नी सरी भन्यो अनि भन्यो किलोको ५००,
मैले सोचें त्यो बेलामा हाम्रो बुवाले त्यो पैसाले जग्गै किनेको रे,

के गर्नु भोलि पर्सि पाँच सय त गोलभेडा किन्न चाहिएला
अनि भेंडै किन्न लाई त पचास हजार नै पर्ला,

अनि विचार गरें मान्छे बिरामी भए अस्पताल लान्छन्
खसी बोकालाई च्वाट् च्वाट् काटेर खान्छन् ,

मान्छे निष्ठूरी हो कि !
हतियार निष्ठूरी हो !

लुटपाट गर्न मिल्ने त्यो हतियार किन बनाएको होला
ज्यान मार्न मिल्ने त्यो गोली किन बनाएको होला

अराजकता बढाउने अस्थिरता पलाउने कस्तो काले भ्रष्टचारी उ
कारवाही गर्ने निकाय झन् त्यसलाई डोरी फुकालेर भगाउने अर्को उ,

के गर्ने, बादल लाग्दै गयो पानी पर्छ जस्तो छ
गाउँ कि सानी नानी भन्छे बुवालाई पानीले बगाएर लग्यो
आस पनि छैन लाश पनि छैन,

न पेशाको ग्यारेन्टी छ, आशको ग्यारेन्टी,
म त कुलेलाम ठोकें समात्दै आफ्नो लङ्गौटी ।

# बाल क्लबले ल्याएको परिवर्तन

**शिव उप्रेती**

शारदा नेपाली साबिकको देउराली गाविस ४ निबासी बालिका हुन् । १४ बर्षकी शारदा रामशाह माविमा कक्षा आठमा पढ्छिन् । उनको आर्थिक अबस्था ज्यादै कमजोर छ । त्यसमा पनि उनी दलित परिवारकी बालिका, समाजमा विद्यमान जातीय विभेदकी शिकार बनेकी थिइन् । गरिबीको शिकार बनेकी उनी घरपरिवारको आर्थिक समस्याको कारण विद्यालय छोड्ने स्थितिमा पुगिन् । पल्लो गाउँका एकजना अंकलले उनलाई काठमाडौँमा काम लगाइदिने आश्वासन दिए । परिवारको समर्थन पनि पाइन् ।

खल्तीमा कत्तिपनि पैसा नभएको अबस्था, मिठो खान, राम्रो लगाउन पनि नसकिरहेको अबस्थामा रोजगारी दिने आश्वासन पाएपछि उनले काठमाडौं जाने मनस्थिति बनाइन् । त्यही समय उनको विद्यालयमा बाल क्लब गठन गर्ने लहर चल्यो । अन्जानमै उनी बाल क्लब गठन गर्ने अभियानप्रति उत्साहित भइन् । बाल क्लब गठन भएपछि बिभिन्न संघसंस्थाले बाल श्रम शोषण, यौन शोषणजस्ता बिषयमा सचेतना कार्यक्रमहरु गरे । त्यसबाट महिलाहरु, बालिकाहरु कसरी बिभिन्न प्रलोभनमा फस्न बाध्य हुन्छन् भन्ने जानकारी पाइन् । त्यसपछि उनी आफ्नो भविष्य सम्झेर गम्भिर बन्न थालिन् ।

बाल क्लबमा बसेर केही गर्न पाए धेरै कुरा जान्न र बुझ्न सकिने कुरा उनले ठम्याइन् । उनले अन्जानमा हुने गल्तीबाट बच्न र सशक्त नागरिक बन्न सकिने कुरा बुझिन् । यसपछि उनको जीवनले नयाँ मोड लियो । उनी अहिले बालश्रम बेच्न पठाउन तयार रहेको घरपरिवारलाई सम्झाउन सक्ने भएकी छन् । समाजका अरु अभिभावकलाई, आफूजस्तै बालबालिकालाई सम्झाउन सक्ने भएकी छन् । भविष्यमा राम्रोसँग पढेर आफ्नो परिवार र समाजको निम्ति केही काम गर्ने सोचका साथ अगाडि बढीरहेकी छिन् । अहिले उनी नियमित रुपमा विद्यालय जान्छिन् ।

बालमैत्री स्थानीय शासन लागू भएका गोरखा जिल्लामा बालबालिकाको व्यक्तित्वमा यसरी नै परिवर्तन भएको छ । गोरखा देउराली माविका प्रधानाध्यापक गणेश कुमार श्रेष्ठ भन्छन्, 'बिद्यालय तहमा बाल क्लब गठन भएपछि बालबालिकाहरु धेरै बिषयमा जानकार भएका छन् । कक्षागत सिकाईसँगै बाहिरी दुनियासँग उनीहरुको सम्बन्ध मजबुत भएको छ ।'

गोरखाको तत्कालीन देउराली गाविसमा बालमैत्री स्थानीय शासन अवलम्बन गरिएबाट बिद्यालयमा आधारित बाल क्लबहरु बनाउने क्रम बढेको छ । विद्यालयका बालबालिकालाई विभिन्न क्रियाकलापमा सहभागी बनाउने उद्देश्यले विद्यालयस्तरीय बाल क्लबहरू गठन गरिएका हुन्छन् । सहरी क्षेत्रका तुलनामा ग्रामीण क्षेत्रका विद्यालयहरूमा यस्ता क्लबहरू बढी छन् । जिल्लामा निजी विद्यालयमा भन्दा सार्वजनिक विद्यालयहरूमा बाल क्लबहरू धेरै छन् । यस्ता बाल क्लबहरूका माध्यमबाट विद्यालयको नीति निर्माणमा उनीहरुलाई सहभागी गराउने अवसर दिईएको हुन्छ । सोही माध्यामिक बिद्यालयमा खोलिएको बाल क्लबका तर्फबाट राधा परियार र अशोक बिक एकीकृत योजना तर्जुमा प्रक्रियामा पनि सामेल भए । राधा भन्छिन्, 'बाल क्लबमा नहुँदा स्थानीय तहमा कति रकम आउँछ भन्ने थाहा थिएन, तर अहिले नियमित बैठकहरुमा जान थालेपछि हाम्रो पनि अधिकार रहेछ भन्ने थाहा भयो ।'

बाल सहभागिता प्रवर्द्धन गर्न निश्चित भौगोलिक क्षेत्र वा पेसाका दृष्टिले बाहुल्य रहेको कुनै समुदायमा आधारित बाल क्लबहरू गठन गरिएका हुन्छन् । यस्ता बाल क्लबहरू पनि सहरी क्षेत्रका तुलनामा ग्रामीण क्षेत्रमा नै बढी छन् । देउरालमा तत्कालीन वडा तहको सन्जालका रुपमा बाल क्लब बनाइएको थियो । स्थानीय तहको पुनर्सरचनापछि ती संरचनाहरु निष्क्रृय रहेको पाइएको छ । बाल सहभागिताको अवधारणा बाल अधिकार महासन्धि, १९८९ पछि अगाडि बढाइएको हो । स्थानीय बालअधिकारको अभियानकर्ता बलबहादुर पन्थकाअनुसार बालअधिकार महासन्धि कार्यान्वयनलाई प्राथमिकता दिएर बालअधिकार प्रवर्धनका क्षेत्रमा बाल क्लबले महत्वपूर्ण योगदान दिएको छ ।

हाम्रो सामाजिक संरचनाका कारण बालबालिकाका कुरा सुन्ने र उनीहरूलाई सम्पत्ति ठान्ने वा तह लगाएर राख्नुपर्छ भनेर मान्ने मानसिकतामा भएका कारण बालबालिकाको सहभागिताको अधिकार पूर्ण रुपमा उपभोग हुन नसक्ने भन्दै भूतपूर्व गाविस सचिब समेत रहेका पन्थले भने 'यसैले सबैभन्दा पहिले बालबालिकालाई व्यक्ति मान्ने र उनीहरूको पनि आफ्नो इच्छा हुन्छ, बालबालिका पनि निर्णय लिन समर्थ हुन्छन् र उनीहरूको आफ्नो अलग्गै व्यक्तित्व हुन्छ भन्ने स्वीकार गर्नु आवश्यक छ ।'

बाल क्लब भएपछि बालबालिका विकास र शासनमा सहभागी भएको बिचार तत्कालीन देउरालीका वडा नागरिक मन्चका संयोजक शम्भ नरालको छ, 'उनीहरू अहिले निगरानीदेखि नीति निर्माणसम्ममा र विद्यालयको सरसफाइदेखि समुदायमा सामाजिक सेवाको आपूर्तिसम्मका काममा सरिक भइरहेका छन् । सुरुमा विद्यालय वा समुदायभित्र खेल र सामान्य सरसफाइमा सीमित बाल सहभागिताको क्षेत्र बिस्तारै व्यापक र जटिल हुँदै गएको छ । बाल सहभागिताको विषयलाई मानवीय पक्षका रूपमा हेरेर मात्र विवेचना गरिनुपर्छ ।'

परिवार, समाज र राज्यले बाल अधिकारको सम्मान गर्ने संस्कृतिको विकास हुन आवश्यक रहेको स्थानीय वडा कार्यलयका सहायक मीन कुमार श्रेष्ठको छ । उनी थप्छन् 'बाल सहभागितालाई अधिकारका रुपमा बुझ्न सकेमा बाल सहभागिताको अभ्यास पनि बढेर जान्छ । सही अर्थमा बाल सहभागिताको अभ्यास हुन/गराउन सकेमा अरू बाल अधिकारको कार्यान्वयनमा पनि सहयोग पुग्छ । यस्तै सहभागी बालबालिकाको व्यक्तित्व विकासमा पनि यस अभ्यासबाट सहयोग पुग्छ । यसैले परिवार, समुदाय र राष्ट्रमा बाल अधिकारको सम्मान गर्ने संस्कारको विकास हुनु आवश्यक छ ।'

स्थानीय राम शाह माविका प्रअ श्रेष्ठको तर्क छ, 'बाल सहभागिता बालबालिकाको हितमा हुनुपर्छ । त्यसबाट उनीहरूलाई प्रत्यक्ष लाभ पुगेको हुनुपर्छ । बाल सहभागिताका कुनै पनि क्रियाकलापले बालबालिकामाथि बोझ बढ्ने वा उनीहरूको शारीरिक मानसिक विकासमा प्रतिकूल प्रभाव पार्ने हुनुहुँदैन । यस्तै यसबाट बाल सहभागिताको अभ्यास गर्दा उनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा कुनै पनि नकारात्मक प्रभाव पर्न नदिन पनि उत्तिकै सजग हुनुपर्छ ।'

धेरै बाल क्लबहरु लहड र रहरमा बनेको बताउँदै स्थानीय महिला अगुवा सरस्वती खनाल भन्छिन् 'रहर, लहड र अर्कै उद्देश्यका निम्ति बाल सहभागिताको योजना वा संरचना बनाइयो भने त्यो दिगो हुँदैन । बाल सहभागिताका उद्देश्यले निर्मित योजना वा संरचना दिगो भएन भने बालबालिकामा सहभागिता नै निरर्थक अभ्यास हो कि भन्ने भ्रम पर्न सक्छ । यस्तो छाप बालबालिकामा पऱ्यो भने त्यो प्रत्युत्पादक हुनसक्ने हुनाले बाल सहभागिताको व्यवस्थापनका क्रममा त्यसको दिगोपनमा विशेष ध्यान दिनुपर्छ ।'

*–साभार: मीरेष्ट लेखमाला*



# फ्रान्सको राजनीतिमा म्याक्रोनको उदय



विष्णु भट्टराई

फ्रान्सको राष्ट्रपति पदका लागि सम्पन्न निर्वाचन नतिजाले नयाँ पार्टी र युवा नेताको भविष्य उज्यालो रहेको देखाएको छ । यस निर्वाचन परिणामलाई युरापेले मात्र होइन, संसारले नियालिरहेको थियो । ३९ वर्षीय इम्यानुएल म्याक्रोनले दुई तिहाई मत हासिल गरी अति दक्षिणपन्थीका रुपमा चित्रित ली पेनलाई पराजित गरेका छन् । फ्रान्सेलीहरुले म्याक्रोनको जित पछि आफूहरु सुरक्षित भएको प्रतिक्रिया दिएका छन् ।

म्याक्रोनले आफ्नो विजयलगत्तै फ्रान्सेली सभ्यताको पक्षमा अभिव्यक्ति दिएर सहिष्णुता, उदारता र बौद्धिकता 'फ्रान्सेली सभ्यता' का अंग मानिन्छन्, त्यस अर्थमा उनले विश्व आतंकवादप्रतिको स्वाभाविक कठोरतासँगै विविधताप्रति सहिष्णु व्यवहार हुने सन्देश दिएका छन् । फ्रान्सलाई युरोपेली संघबाट निकाली फ्रान्सको एकल हैकम स्थापना गर्ने ली पेनको नारालाई फ्रान्सेली जनताले अस्वीकृत गरिदिएका छन् ।

म्याक्रोनको विजय फ्रान्सको राष्ट्रिय जीवनमा एउटा चुनौतीपूर्ण चरणमा भएको छ । छिमेकी बेलायत युरोपेली संघबाट अलग भएको अवस्थामा बलियो र संगठित युरोप पक्षधरको विजय फ्रान्सका राष्ट्रपतिका रुपमा हुनु सम्भवतः बेलायतका लागि अवश्य रुचिको विषय होइन । जर्मनीका चान्सलर एन्जेला मर्केलले म्याक्रोनको जितप्रति व्यक्त गरेको 'न्यानो अभिवादन' मा उनले बलियो युरोपको पक्षधर सहयात्री भेट्टाएको अनुभूति गरेकी छन् · । प्रजातन्त्रमा सबैलाई सम्हालेर कसैलाई निषेध नगर्ने शक्तिले प्रधानता र जनअनुमोदन पाउँछ भन्ने फ्रान्सेली राष्ट्रपतिको निर्वाचनले देखाएको छ । मध्यमार्गी नेता इम्यानुएल म्याक्रोन फ्रान्सको राष्ट्रपतिमा निर्वाचित हुनुभएको छ । नेपोलियन बोनापार्टदेखि अहिलेसम्म आइपुग्दा परम्परागत मुख्य दुई पार्टी बाहिरबाट राष्ट्रपति बन्ने म्याक्रोन पहिलो व्यक्ति हुनुहुन्छ । फ्रान्सको इतिहासमा कम उमेरमा राष्ट्रपतिमा निर्वाचित म्याक्रोनले दक्षिण पन्थी नेतृ मरिन ली पेनलाई हराएर राष्ट्रपतिमा निर्वाचित हुनुभएको हो । म्याक्रोनले ६६ प्रतिशतभन्दा बढी मत पाउनुभयो भने ली पेनले झण्डै ३४ प्रतिशत ।

पूर्व इन्भेस्टमेन्ट बैंकर म्याक्रोनले १३ महिनाअघि एन मार्चे (अन द मुभ) पार्टी बनाएर राजनीति सुरु गरेका थिए । त्यसबेल तत्कालिन सरकारमा अर्थमन्त्री रहेका म्याक्रोनले एन मार्चे गठन गरेको केही महिनापछि राजीनामा दिएर राष्ट्रपतिमा उम्मेद्वारी घोषणा गर्नुभयो । आक्रामक तथा प्रभावकारी चुनावी अभियानका कारण म्याक्रोनले किशोर किशोरी, युवा, प्रौढलाई प्रभावित पारे । मतदानको समयसम्म आइपुग्दा म्याक्रोनको प्रभाव पाका उमेरका फ्रान्सेली नागरिकमा पनि पर्यो । युरोपियन युनियनको पक्षमा रहेका म्याक्रोनले फ्रान्समा रहेको वर्ग समस्या अन्त्य गरी नागरिकमा आशाको सञ्चार गर्ने प्रतिबद्धता जनाएका छन् ।



म्याक्रोनले इयुको विपक्षमा रहेकी मरिन ली पेनलाई हराएर राष्ट्रपति बनेपछि फ्रान्स इयुमा रहने नरहने विवाद लगभग टुंगिएको विश्लेषण गरिएको छ । इयुका जिन-क्लाउडे ज्यानकरले फ्रान्सले युरोपको भविष्यलाई चुनेको बताउनुभएको छ । उहाँले ट्वीट गरेर फ्रान्सले युरोपको भविष्य चुनेकोमा खुशी रहेको र एकीकृत तथा पारदर्शी इयुका लागि काम गर्नुपर्ने बताउनुभएको छ । युरोपियन काउनसिलका अध्यक्ष डोनाल्ड टुस्कले स्वतन्त्रता, समानता र भातृत्वको पक्षमा मत दिएकोमा फ्रान्सेली नागरिकलाई धन्यवाद दिनुभएको छ । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि विजयी भएका म्याक्रोनलाई बधाई दिनुभएको छ । सहकार्यमा काम गर्न चाहेको उहाँले बताउनुभएको छ । यस्तै गएको नोभेम्बरमा ट्रम्पसँग पराजित हुनुभएकी हिलारी क्लिन्टनले म्याक्रोनको जित विश्वका लागि भएको बताउनुभएको छ । म्यानक्रोनका जित फ्रान्स, इयु तथा विश्वका लागि रहेको उहाँले बताउनुभएको छ ।

गहिरो रुपमा जरा गाडेर बसेको बेरोजगारी तथा आतंकवाद म्याक्रोनको सबैभन्दा ठूलो चुनौती रहेको विश्लेषकले बताएका छन् । यस्तै पूर्वाग्रह तथा घृणाको राजनीतिमा घेरिएको देशलाई एकीकृत बनाएर लैजानु पनि उहाँको अर्को चुनौती हो । त्यसका लागि सजिलो समाधान नरहेको र म्याक्रोनले सदियौंदेखि बलियो रुपमा रहँदै आएका नेशनल फ्रन्टका समर्थकलाई रिझाउन सजिलो हुने छैन । म्याक्रोनका लागि आउँदो महिना हुने संसदीय चुनाव ठूलो परीक्षण रहेको फ्रान्सेली पत्रकार तथा राजनीतिक विश्लेषक नाबिला रामदानीले बताउनुभयो । बहुमतमा काम गर्नका लागि म्याक्रोनको लक्ष्य संसदका २९० सिटमा जित निकाल्नु हुने उहाँको भनाई छ । संसदीय चुनावमा म्याक्रोनको पार्टी एन मार्चेले २४० देखि २८६ सिटीसम्म जित्ने सम्भावना रहेको पत्रकार रामदानीले बताउनुभयो । म्याक्रोनको प्रभाव निकै राम्रो रहेको उहाँको भनाई छ । आराम गर्न रुचाउने धेरै फ्रान्सेलीलाई सक्रिय बनाउनु म्याक्रोनको ठूलो चुनौती भित्र पर्छ । धेरै फ्रान्सेली साथीसँगको जमघटमा रमाउने, लामोसमय लञ्च बस्ने तथा आफ्नो कुकुसँग अति माया गर्ने खालका छन् । यस्ता नागरिकलाई सक्रिय बनाउनु उहाँको चुनौती हो । म्याक्रोनले आउँदो आइतबार जिम्मेवारी सम्हाल्नु हुनेछ ।

फ्रान्समा सम्पन्न दोश्रो चरणको (रन-अफ) राष्ट्रपतीय निर्वाचनमा युवा उम्मेदवार इम्यानुएल म्याक्रोन विजयी भएका छन् । आफ्ना निकटतम प्रतिद्वन्दी, उग्र दक्षिणपन्थी उम्मेदवार मेरिन लि पेनलाई हराउँदै उनी फ्रान्सको राष्ट्रपति पदमा विजयी भएका हुन् । मतगणनाको परिणाम घोषणा भएको केही बेरमै आफ्नो पराजय स्वीकार गर्दै मेरिन लि पेनले नवनियुक्त राष्ट्रपति म्याक्रोनलाई बधाई ज्ञापन गरेकी थिइन् ।

म्याक्रोन एक सफल बैंक व्यावसायी, उद्यमी, लगानीकर्ता, श्रेष्ठ प्रविधिज्ञ, अर्थविज्ञ र आर्थिक सल्लाहकार तथा फ्रान्सका अर्थमन्त्रीका रुपमा सुपरिचित छन् । हालसम्मको फ्रान्सेली इतिहासमा उनी सबैभन्दा कान्छो उमेरका राष्ट्रप्रमुखका पनि हुन सफल भएका छन् । विजय पश्चात् पेरिसमा आयोजित एक स्थानीय आमसभा तथा विजय जुलूसलाई सम्बोधन गर्दै उनले युरोपेली संघ तथा सम्पूर्ण युरोपवासीलाई पुनः संगठित र सशक्त बनाउने सङ्कल्प गरे । साथै, उनले फ्रान्सेली जनताको विश्वास एक पटक पुनः जिती राष्ट्रको सबलिकरण र सुरक्षामा समर्पित हुने बताउँदै फ्रान्समा अब नवीन अध्यायको शुरुवात भएको घोषणा गरे ।

नवनियुक्त म्याक्रोनका अगाडि प्रशस्त चुनौतीहरु तेर्सिरहेका हुँदा विजयपश्चात् फ्रान्सका बुद्धिजीविहरु उनको कार्यशैली हेर्न उत्सुक रहेका बताइन्छ । मन्द गतिमा अघि बढिरहेको युरोपेली एकतालाई थप जीवन्तता प्रदान गरिनु पर्ने, बेलायतको बहिर्गगमन पश्चात् युरोपेली संघमा बिद्यमान रिक्ततालाई परिपूर्ण पार्नु पर्ने, मुलुकमा ओरालो लाग्न लाग्न लागेको अर्थतन्त्रमा सुधार गरी दृढता पूर्वक सही मार्गतर्फ लग्नु पर्ने तथा मुख्यतया फ्रान्स स्वयंमा खस्कँदै गै रहेको राष्ट्रिय सुरक्षालाई पुनः बलिष्ठ बनाई सम्पूर्ण जनतालाई सुरक्षाको प्रत्याभूति तथा निश्चिन्तता दिनु पर्ने लगायतका अनगिन्ती चुनौतिहरु शुरु देखि नै उनले सामना गर्नु पर्नेछ ।




नवनिर्वाचित राष्ट्रपति इम्म्यानुएलको विजयपश्चात् उनलाई निवर्तमान राष्ट्रपति फ्रान्कोइ हल्यान्डे तथा प्रधानमन्त्रीले तत्कालै बधाई दिएका थिए । त्यस्तै अमेरिकी राष्ट्रपसित डोनाल्ड ट्रम्प तथा जापानका प्रधानमन्त्री सिन्जो आबे लगायत बिश्वका सबैजसो राष्ट्रप्रमुख र सरकार प्रमुखहरुले पनि बधाई ज्ञापन गरेका समाचारहरु आइरहेका छन् ।

उत्तरी फ्रान्सको जेसुइट स्कुलमा पढ्दा इम्यानुअल फ्रान्सको राष्ट्रपतिमा म्याक्रों प्रतिभाशाली विद्यार्थीमा गनिन्थे । उनी सधैं पुस्तक पढ्न व्यस्त हुन्थे । स्कुलमा म्याक्रोंसँगै लरेन्स ट्रोनियो नामकी किशोरी पनि पढ्थिन् । एक दिन लरेन्सले आफ्नी आमासँग भनिन्, 'मेरो कक्षामा पढ्ने इम्यानुअललाई त सबथोक आउँछ ।'

लरेन्सकी आमा ब्रिजिट त्यही स्कुलमा शिक्षिका थिइन् । उनको २० वर्षकै उमेरमा एक स्थानीय बैंकरसँग बिहे भइसकेको थियो र तीन बच्चा पनि जन्मिसकेका थिए । छोरीको कुरा सुनेर ब्रिजिटलाई ती किशोरसँग भेट्न मन लाग्यो । म्याक्रों स्कुलमा नाट्य समूहमा आबद्ध थिए । म्याक्रोंले एँकपटक 'ज्याक एन्ड हिज मास्टर' नाटकमा प्रमुख भूमिका निर्वाह गरेका थिए । त्यही बेला ब्रिजिटले उनलाई देखिन् । ब्रिजिटले पछि एक फ्रेन्च डकुमेन्ट्रीमा भनेकी छन्- 'इम्यानुअल अरूजस्ता थिएनन्, उनी किशोर पनि थिएनन्, आफूभन्दा ठूलाहरूसँग पनि उनको सम्बन्ध समान थियो ।'

नाटक लेख्ने क्रममा दुवै जनाबीच हरेक शुक्रबार भेट हुन थाल्यो । पुराना दिन सम्झँदै ब्रिजिट भन्छिन्- 'मैले सोचेको थिएँ त्यो भेटघाट लामो समय चल्नेछैन, तर नाटक लेख्न सुरु भएपछि बिस्तारै म इम्यानुअलको प्रतिभाबाट प्रभावित हुन थालें । त्यसपछि उनीहरूको सम्बन्ध झाँगिन थाल्यो । यो कुरा इम्यानुअलको परिवारले पनि थाहा पायो । इम्यानुअलका बाबुआमाले अनुमान गरेका थिए उनको सम्बन्ध ब्रिजिटकी छोरी लरेन्ससँग छ ।

यही बीचमा इम्यानुअलका बाबुआमाले उनलाई घर एमिएन्सबाट पेरिस पठाउने निर्णय गरे । इम्यानुअलको जीवनी लेखिका एनी फल्डासँग उनकी आमाले भनेकी छन्- 'पहिले त इम्यानुअल र ब्रिजिटबीचको सम्बन्धलाई विश्वास पनि गर्न सकेनौं ।' दुईबीचको सम्बन्धबाट असन्तुष्ट इम्यानुअलका बाबुआमाले एक दिन ब्रिजिटलाई छोराबाट टाढै बस्न आग्रह गरे । तर ब्रिजिटले अस्वीकार गरिन् । इम्यानुअलका बाबुआमाको विरोधको एक कारण थियो, फ्रान्सेली कानुन । त्यसअनुसार १८ वर्षभन्दा कम उमेरको यस्तो सम्बन्ध बालशोषण मानिन्छ । उनीहरू ब्रिजिटविरुद्ध कुनै पनि उजुरी दर्ता नहोस् भन्ने चाहन्थे । १६ वर्षको उमेरमा इम्यानुअल एमिएन्सको स्कुल छाडेर पेरिसमा आई पढ्न थाले । त्यतिबेला उनीहरू फोनमा घण्टौं कुरा गर्थे । उनले १७ वर्षकै उमेरमा ब्रिजिटसँग बिहे गर्ने निर्णय गरे । ब्रिजिटले एक अन्तरवार्तामा भनेकी छन्- 'हामी दुईबीच प्रेम कसरी सुरु भयो, कसैलाई थाहै भएन, त्यो पल हाम्रो आफ्नै पल थियो, हामी दुईबीचको, कुनै गोप्य रहस्यजस्तो ।'

डेली मेलका अनुसार ब्रिजिटका पूर्वपति आन्द्रे लुइस बैंकर थिए । यस्ता परिस्थितिका बीच ब्रिजिट र लुइसबीचको सम्बन्ध धेरै टिकेन । दुवैबीच सन् २००६ मा सम्बन्धविच्छेद भयो र २००७ मा उनले इम्यानुअलसँग बिहे गरिन् । इम्यानुअल र ब्रिजिटका कुनै सन्तान छैनन् । तर इम्यानुअल ब्रिजिटका तीन छोराछोरीका पिता र सात बच्चाका हजुरबुबा हुन् । ब्रिजिटका छोरा इम्यानुअलभन्दा दुई वर्ष जेठा छन् । उमेरमा इम्यानुअल ब्रिजिटभन्दा २४ वर्ष कान्छा छन् ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### डाइटिङ्मा भुंडीवाल बाँदर



जिउ मोटो भएका मानिसहरु स्लिम बन्नका लागि डाइटिङ गरेको त सुनिएकै थियो । तर हुँदाहुँदा बाँदरले पनि डाइटिङ गर्न थालेको छ । घटना थाइल्याण्डको हो । थाइल्याण्डको राजधानी बैंककका वन्यजन्तु अधिकारीहरुलाई बजार नजिकै पर्यटकले फ्याँकेका खानेकुरा खाइरहने निकै घ्याम्पे मोटो बाँदरले ध्यान खिचिदियो । त्यसपछि त्यो बाँदरलाई लठ्याउने औषधि हानियो र त्यसलाई वन्यजन्तु उद्दार केन्द्रमा लगियो । जहाँ त्यो बादरको स्वास्थ्य परीक्षण पनि गरियो । १५ किलो तौलको उक्त बाँदर सामान्य भन्दा ८.१० किलो बढि तौलको थियो । मोटोपनाका कारण उसको भुँडी यति ठूलो थियो की हिँडडुल गर्न पनि गाह्रो भैरहेको थियो ।

मोटोपनाले ज्यानै जोखिममा परेको उक्त बाँदरलाई वन्यजन्तु उद्धारकर्मीहरुले फ्याट क्याम्पमा हालिदिएका छन् । उक्त मोटे शिविरमा बाँदरलाई कडा डाइटिङमा राखिनुका साथै अन्य जनावरहरुसँग दौडिन पनि लगाइनेछ । यो मोटे बाँदर बैंककमा अंकल फ्याट्टीको नामले चर्चित थियो । बाँदरका बच्चाहरु यो मोटे काकासँग झुम्मिन्थे । किनकी यसको भिमकाय भूँडीमुनि जमिनमा कुनै न कुनै खानेकुरा लुकेको हुन्थ्यो ।

### अब रोबोटद्वारा उपचार


चिकित्सा क्षेत्रमा अब यस्तो समय आएको छ जहाँ मानिस विस्थापित भैरहेको छ । भारतको राजधानी नयाँदिल्लीस्थित सफदरगंज अस्पतालमा अब छिटै डाक्टरहरुको साटो रोबोटले बिरामीको उपचार गरेको देख्न पाइनेछ । सबै त होइन, कतिपय शल्यक्रिया रोबोटले गर्नेछ । अस्पतालले सर्जरी गर्नका लागि १८ करोड भारुको लागतमा एउटा रोबोट खरीद गर्दैछ । यो रोबोट सर्जरीको सुविधा गरीब मानिसहरुले सित्तैमा प्राप्त गर्नेछन् । तर प्राइभेट वार्ड



लिएर उपचार गराउने मानिसले चाहीँ शुल्क तिर्नुपर्नेछ । अस्पतालका डाक्टर हरुका अनुसार खरीदको प्रक्रिया पूरा भैसकेको छ र अबको २.३ महिनामा रोबोटबाट शल्यक्रिया सेवा सुरु हुनेछ । यो रोबोटले मृगौला प्रत्यारोपण लगायतका विभिन्न शल्यक्रिया गर्नेछ । निजी अस्पतालहरुमा मृगौला प्रत्यारोपण तथा प्रोस्टेट क्यान्सरको उपचारमा ४.५ लाख भारु लाग्नेमा यो रोबोटबाट गरिने उपचारबाट खर्च निकै घट्ने बताइएको छ ।

### जब आकासबाट एकसाथ बर्सियो १५ लाख बेलुन

हावामा उडिरहेको बेलुन निकै राम्रो लाग्छ । तर यदि उहीँ बेलुनले समस्याले लिएर आयो भने के होला ? २७ सेप्टेम्बर १९८६ मा अमेरिकाको क्लिभलेन्ड सहरमा यस्तै भएको थियो ।



त्यहाँ विश्व किर्तिमान बनाउन तथा सामाजिक कार्यका लागि आर्थिक सहयोग जुटाउन भन्दै एकसाथ १५ लाख बेलुन आकाशमा छाडिएको थियो । तर परिणाम अर्कै निस्कियो ।

उक्त दिन यस्तो आँधी बेहेरी आयो कि सारा बेलुनहरु माथि आकाशमा उडिरहनुको साटो सबै जमिन र पानीमा खसे । स्थानीय ऐरी तालमा ठूलो संख्यामा बेलुन खसेर पानीको सतह नै छोपियो । ऐरी तालमा डुबेर दुई जना मानिस बेपत्ता भैरहेका थिए, तर बेलुनले पानी ढाकेपछि बेपत्ता मानिसहरुको उद्धार गर्न सकने हेलिकप्टरले । यसले गर्दा बेलुनको किर्तिमान राख्न खोज्ने आयोजक संस्थाले विभिन्न अभियोगमा मुद्दा खेप्नुपर्यो ।

युनाइटेड अफ क्लेभलेन्ड नाम संस्थाका २५ सय स्व्यंसेवकले सुरुमा त २० लाख बेलुन छाड्ने योजना बनाएका थिए । तर मौसम खराब भएका कारण जम्मा १५ लाख बेलुन मात्र उडाएका थिए । १५ लाख बेलुन एकसाथ हावामा उडेर आकाशमा पुग्दा साँच्चीकै मनमोहक दृश्य बनेको थियो । मानिसहरु खुसीले ताली बजाइरहेका थिए । तर एक्कासी मौसम यति बिग्रियो की सारा खेल खत्तम पारिदियो । आँधीबेहेरी चलेर मौसम चिसिएसँगै सबै बेलुन भुइँमा झर्न थाले । बेलुन विमानस्थल क्षेत्रमा पनि खसे र रनवे समेत बन्द गरियो ।

यो घटनापछि अमेरिकाले सबक सिक्यो र तत् पश्चात यस्ता कार्यक्रमहरुमा कडाई गरियो । अनेक मापदण्ड तथा परिस्थितिको विश्लेषण पछि मात्र विश्वकिर्तिमान कायम गर्न भन्दै गरिने यस्ता कार्यक्रमलाई अनुमति दिन थालियो ।

### बरफको पहाडबाट खानेपानी

दुनियाका १० सबैभन्दा सुख्खाग्रस्त देशहरुमा एक पर्दछ संयुक्त अरब इमिरेट्स अर्थात् युएइ । यहाँ पानीको समस्या बढिरहेको छ । आउँदो २५ वर्षमा युएइमा यतिधेरै सुख्खा बढ्नेछ की त्यहाँ पानीको अभावैले जिवनयापन समेत कठीन हुनेछ ।

जहाँ समस्या, त्यहाँ समाधान भनेझैं यो समस्यालाई समाधान गर्नका लागि युएइको एक कम्पनीले अनौठो योजना तयार गरेको छ । उक्त कम्पनीले युएइभन्दा झण्डै १० हजार किलोमिटर टाढा रहेको अन्टार्कटिकाबाट बरफको पहाड अर्थात् आइसबर्ग ल्याएर उक्त बरफलाई पगालेर खानेपानीको रुपमा प्रयोग गर्ने योजना बनाएको छ ।

यो काम उति सजिलो चाहीँ छैन । कम्पनीका मालिकको भनाई मान्नेहो भने सन् २०१८ मा यो परियोजना सुरु गरिनेछ । अन्टार्कटिकबाट एउटा बरफको पहाडलाई युएइको समुद्री तटसम्म ल्हाउनका लागि झण्डै एक वर्ष नै लाग्नेछ । त्यसपछि उक्त आइसबर्गलाई स(साना टुक्रामा काटिनेछ र बाकसमा भरिनेछ । घामको तातोले जब बरफ पग्लेर त्यसबाट पानी निस्किनेछ तब उक्त पानीलाई एउटा विशाल ट्यांकीमा एकित्रत गरिनेछ । अन्ततः त्यो पानीलाई शुद्धिकरण गरी पिउनका लागि प्रयोग गरिनेछ । रिपोर्ट अनुसार औषतमा एउटा आइसबर्गबाट २० अर्ब ग्यालेन पानी निकाल्न सकिन्छ । यति पानी युइएमा बस्नेहरुका लागि लामै समयसम्म प्यास बुझाउन पर्याप्त हुनेछ ।

अर्को आशा के भने जब विशाल बरफको पहाडलाई समुद्रको तटमा राखिनेछ, तब त्यहाँको वायुमण्डलमा आद्रता बढ्नेछ र वर्षातको सम्भावना पनि बढ्नेछ । वर्षात भयो भने त पानीको अभाव उसैपनि कम हुनेछ । स्मरण रहोस् युएइमा वार्षिक जम्मा १ सय मिलिमिटर मात्र वर्षा हुन्छ ।

### रबर जस्तै जिउ

यो दुनियामा विचित्र मानिसहरुको कमी छैन । के तपाईंले रबर जस्तै मोडिन तथा बटारिन सक्ने मानिस देख्नुभएको छ ? सायद छैन होला । तर भारतमा एकजना यस्ता युवक छन् जसको जिउ रबरजस्तै लचकदार छ ।

भारतको सुरतमा बस्ने १८ वर्षका यश शाह भ्वाट्ट हेर्दा सामान्य युवक जस्तै छन् । तर उनले आफ्नो जिउको लचकता देखाए भने देख्नेहरु नै हैरान



हुन बाध्य हुन्छन् । यिनले जिउलाई यसरी रबर जस्तै गरी बटारिदिन्छन् कि मानौं उनको जिउमा कुनै हड्डीहरु नै छैनन् ।

उनले आफ्नो गर्धनलाई १८० डिग्री बटारेर अनुहारलाई पिठ्यूँतर्फ फर्काउन सक्दछन् । उनले आफ्ना हातखुट्टालाई पूरै ३६० डिग्री सम्म सजिलैसँग मोडिदिन्छन् । यसरी घाँटी बटारेर अनुहारलाई ढाडतर्फ फर्काउँदा र हातखुट्टालाई फनक्क ३६० डिग्री बटार्दा कति दुख्दो हो ? तर उनको अनुहारमा चाहीँ दुखाइएका कुनै अनुभुतिहरु देखिँदैनन् ।

*एजेन्सीहरुबाट*

प्रेरक

## इच्छाशक्ति



चार्ली च्यापलिन एक निर्धन परिवारमा जन्मिएका थिए । लण्डनका गल्लीमा फोहोर उठाउने काम गरेर उनी दैनिक गुजारा चलाउँथे । होचा कदका चार्ली अत्यन्त फुर्तिला स्वभावका थिए । दुःखैदुःखमा जीवन बिताइरहेका चार्ली ड्रामाप्रति आकर्षित बन्दै गए । उनले एक महान कलाकार बनेरै छोड्ने अठोट गरे । खासगरी उनी हास्य विधामा जम्न पुगे । थिएटरका दर्शकहरू उनको अभिनयबाट एकदमै प्रभावित भए । चार्लीको नाम सुन्नासाथ दर्शकहरू हाँस्न थाल्थे । उनका लोकप्रियता यति बढ्यो कि उनी बिनाका नाटकहरू चल्नै छोडे । नाटकमा पाएको अद्भुत सफलताले उनलाई काँचको पर्दामा पुर्‍यायो ।

फिल्म मेकरहरू कमेडियन भूमिकामा चार्लीलाई लिन प्रतिस्पर्धा नै गर्न थाले । उनको लोकप्रियता लण्डन हुँदै हलिउड पुग्यो । हलिउडका डाइरेक्टरहरूको नजरमा उनी परे । उनी अमेरिका गए र हलिउडका फिल्महरूमा अभिनय गर्न थाले । उनी आफ्नो बेजोड अभिनयले छिट्टै विश्वप्रसिद्ध हास्य अभिनेता बन्न पुगे । अमेरिकी सरकारले भने उनी कम्युनिस्ट भएको शंका गर्‍यो । उनीमाथि निगरानी बढाइयो । तर उनले हरेश खाएनन् । संकटबाट उठेर उनी विश्व सिनेमामा छाए । चार्लीले मान र दाम दुवै कमाए । आखिर अमेरिकाले नै उनलाई ओस्कार पुरस्कारबाट सम्मान गर्नुपर्‍यो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आवेशको निर्णयले समस्या निम्त्याउन सक्छ । समस्या दर्शाउँदा सुखदुःखमा साथ दिनेहरू भने भेटिनेछन् । धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । परिवारजनको साथले नयाँ आशा जगाउनेछ । प्रेम र मित्रताको बन्धन कसिए पनि दाम्पत्यमा खटपटी आउन सक्छ । बेसुरमा काम गर्ने बानीले अप्ठ्यारोमा परिनेछ । बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला ।

### बृष

स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला । काममा फाइदा भए पनि ईर्ष्या गर्नेहरूले अवरोध पुर्‍याउलान् । अधिकारका लागि जुट्नुपर्ला । फजुल खर्च पनि बढ्न सक्छ । प्रतिस्पर्धीहरूले अप्ठ्यारोमा पार्ने प्रयास गर्नेछन् । योजना सम्बन्धी गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । लामो यात्रा व्यवस्थापन गर्न खर्च बढ्नेछ । मिहिनेतले काम सफल बनाउन सकिनेछ ।

### मिथुन

छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउन सक्छ । तापनि, मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट मनग्गे लाभ मिल्नेछ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ । बलभन्दा बुद्धिको उपयोग लाभदायक रहनेछ । नयाँ ज्ञान सिक्ने अवसर प्राप्त हुनेछ ।

### कर्कट

बेलैमा सजग नबन्दा व्यवहारमा दुःख पाइनेछ । बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला । मान्यजनसँग असमझदारी बढ्न सक्छ । अरूको सुझावमा भर नपर्नुहोला । ईर्ष्या गर्नेहरूले सताए पनि परिस्थितिले आफ्नै पक्ष लिनेछ । प्रतिस्पर्धा गर्नेहरूले हार खानेछन् भने आस मारेको कामले उत्साह जगाउनेछ । प्रारम्भ संघर्षपूर्ण रहे पनि अन्तिम नतिजा राम्रो हुनेछ ।

### सिंह

आफ्नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन् । नयाँ जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला । सहयोगको आशा देखाउनेहरूबाट धोका हुन सक्छ । स्वास्थ्य कमजोर रहनाले काममा जुट्न नसकिएला । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । व्यावसायिक काममा कम मात्र फल प्राप्त हुनेछ । सेवामूलक काम सम्पादन हुन सक्छ ।

### कन्या

बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । मनग्गे दाम र प्रतिष्ठा कमाउने बेला छ । ईर्ष्या गर्नेहरूले आफ्ना सामानमा दाबी गर्न सक्छन् । फाइदाका लागि गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौती समाप्त हुनेछ ।

### तुला

रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ । विगतको सफलताले थप काम गर्न हौसला मिल्नेछ । नयाँ कामको प्रस्ताव आउन सक्छ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । स्वादिष्ट खानपानको आनन्द पाइनेछ । तर, टाढिएका आफन्तको यादले पिरोल्न सक्छ । आफ्नो सूचना बाहिरिने सम्भावना भएकाले गोपनीयतामा ध्यान पुर्‍याउनुहोला ।

### बृश्चिक

अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । पहिलेका चुनौतीहरू पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ । छर-छिमेकमा केही असमझदारी देखिए पनि टाढाका साथीभाइसँग आत्मीयता बढ्नेछ । यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने वैदेशिक क्षेत्रबाट लाभ मिल्न सक्छ ।

### धनु

मिहिनेतले आम्दानी बढाउनेछ । सानो प्रयत्न गर्दा ठूलो परिमाणमा लाभ हुनेछ । सहयोगीहरू जुट्नाले दिन उत्साहवर्द्धक रहला । श्रमको उच्च मूल्यांकन हुनुका साथै दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ । आयस्रोत बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा मनग्य धन आर्जन हुनेछ । सञ्चित धन उपयोग गर्दा फाइदा हुनेछ ।

### मकर

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला । कामको सन्दर्भमा केही वादविवाद हुन सक्छ । तत्काल धेरै फाइदा नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला । कमजोरी बाहिर आउनाले नोकरी तथा राजनीतिमा मा समस्या पर्न सक्छ । समुदायको हक हित हुने काम सम्पादन गर्न सकिनेछ । लगनशीलताले नाम र दाम दिलाउन सक्छ ।


### कुम्भ

श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र पाइएला । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने पहिलेका सहयोगीहरू पछि हट्न सक्छन् । तापनि श्रमको उपलब्धि हात पार्न सकिनेछ । अरूको मन जित्ने प्रयास गर्नुहोला, पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ । तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ । विशेष जिम्मेवारी हात पार्ने मौका छ ।

### मीन

समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ । आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन् । फाइदाका पछि लाग्दा आत्मीय सम्बन्ध बिग्रन सक्छ । खर्च बढ्नुका साथै अर्थ अभाव महसुस हुनेछ । अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । चुनौती पन्छाउँदै होसियारीसाथ काम लिनुपर्ने समय छ ।

## "मन्दिरा" को ट्रेलर रिलिज



असार २ गतेबाट अलनेपाल रिलिज हुन लागेको फिल्म 'मन्दिरा' को अफिसियल ट्रेलर रिलिज भएको छ । एउटै घरमा सम्पूर्ण छायांकन सकिएको फिल्मको ट्रेलर सस्पेन्स छ । ट्रेलरमा फिल्मका लिड नायक नरेन खड्का एक युवतीको विषयमा कथा लेखिरहेका छन् । नरेनले लेखेको कथा जस्तै एक युवती उनको घरको ढोका ढकढकाउन आइपुग्छिन् ।

एउटा घरमा घटेको प्रतिनिधि घटनालाई आधार बनाएर मन्दिरा निर्माण भएका कारण फिल्मको पूरा छायांकन नै एउटै घरमा भएको निर्देशक दीपेश सापकोटाले जानकारी दिए । निर्देशक सापकोटा भन्छन्- 'यो फिल्मको लोकेशन सीमित भए पनि कथावस्तु निकै फराकिलो छ । नेपाली फिल्म क्षेत्रका लागि 'मन्दिरा' एउटा प्रयोग पनि हो ।' भट्ट एन्ड सन्सको ब्यानरमा निर्माण भएको यो फिल्ममा जेवी डीसी, नरेन खड्का, प्रवण भुषाल, लक्ष्मी बस्नेत, विना पोखेल, विनिता वली लगायतका कलाकारको लिड रोल छ । हरि भट्टले लगानी गरेको यो फिल्ममा उज्ज्वल ढकालको सम्पादन, देव राईको संगीत, सुसन प्रजापतिको छायांकन छ ।

## विश्व सुन्दरी च्याम्पियनमा नेपाली चेली



फुर्दीकी शेर्पाले यही वैशाख ३० देखि दुबईमा आयोजना हुने ब्युटिसियनहरुको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'विश्व सुन्दरी च्याम्पियन २०१७' मा नेपालको प्रतिनिधित्व गर्ने भएकी छन् । इप्लनेट नेपालले पठाउन लागेको उनी भोजपुरकी स्थायी घर भई हाल काठमाडौंमा बस्दै आएकी छिन् । २०११ मा सिटिइभिटि धरानबाट ब्युटिसियनको कोर्स पूरा गरेपछि सौन्दर्य ब्यवसायमा होमिएकी शेर्पा २०१३ मा एडभान्स कस्मेटोलोजी हुँदै आधुनिक मेक अपकोर्स, नेल आर्ट, हेयर डिजाइनिङ लगायतका विधामा कार्य गर्दै आइरहेकी छन् ।

## बेलायतमा "एभरेस्ट आईडल" हुने




बेलायतमा पहिलो गायन प्रतिष्पर्धा 'एभरेष्ट आइडल' आयोजना हुने भएको छ । बेलायतमा रहेका प्रवासी नेपालीहरुबीच 'एभरेष्ट आइडल' गायन प्रतियोगिता आयोजना हुने भएको हो । बेलायतमा स्थापित एभरेष्ट इन्टरटेनमेन्ट एन्ड मिडियाहब लिमिटेडले टेलिकन्फ्रेन्स आयोजना गरी गायन प्रतियोगिताका बारेमा जानकारी दिएको छ ।

इमिडिया हब लिमिटेडका चिफ इक्च्युकेटिभ ईश्वर चाम्लिङका अनुसार १३ मे अर्थात आगामी शनिबारदेखि प्रतियोगितामा सहभागितको लागि फाराम दर्ता प्रक्रिया शुरु गरिने छ । किँरात, राई जातिको शाकेला चाडको दिन सोही स्थलमा पहिलो पटक फाराम दर्ता शुरु गरिने जनाइएको छ ।

सहभागीहरुको सुबिधाको लागि अनलाइन, इमेल, फेसबुक, टेलिफोन लगायतका माध्यमबाट पनि फाराम लिइने जनाइएको छ । आगामी मे २८ तारिक आयोजना हुने गोर्खा कपमा पनि प्रत्यक्ष दर्ताको स्टल राखिने साथै कम्पनीले आयोजना गर्ने 'एभरेष्ट म्युजिकल ब्लास्ट' कार्यक्रमहरुमा पनि दर्ताको टेबल रहने छ ।

## नम्रतालाई मौका

नम्रता सापकोटाका लागि एउटा राहत मिल्ने भएको छ । उनलाई नायिका स्वेता खड्काले आफूले निर्माण गर्न लागेको नयाँ चलचित्र 'कान्छी' मा अनुवन्धित गरेकी छिन् । आकाश अधिकारीको निर्देशनमा तयार हुन लागेको यो चलचित्रको अहिले लोकेशन हेर्ने काम भैरहेको छ । चलचित्रमा स्वेता खड्का र नायक दयाहाङ राईको जोडी पर्दामा देखिँदैछन् । कमेडी लभस्टोरी कथामा बन्ने यो चलचित्रमा आफू अनुवन्धित भएको नायिका सापकोटाले बताइन् । चलचित्र क्षेत्रमा नम्रताले आशातित सफलता पाएकी छैनन् । अब चलचित्र नै नखेल्ने भन्दै हिँडेकी नम्रता अहिले चलचित्रमा काम गर्नुपर्ने रहेछ भन्न थालेकी छिन् ।

## जेठ १२ पछि "हिटलर" ?

नायक सोहित मानन्धर चलचित्र 'हिटलर' को बिषयमा धेरै कुरा खोल्न चाहँदैनन् । यस अगाडि केही चलचित्रमा काम गरे पनि सोहित यो चलचित्र आफ्ना लागि करिअरको दोस्रो सिरिजको सुरुवातको रुपमा लिन्छन् ।

सौरभ ढकालद्वारा निर्देशित चलचित्र 'हिटलर', अहिले नामकै कारण चर्चामा छ । जर्मनका शासक हिटलरको नामसँग मिल्न गएकै कारणले गर्दा पनि चलचित्रको नाम राखेर फेसबुकले लाइक पेज बनाउन दिएन ।

चलचित्र भित्र को हो त हिटलर ? नायिका सामिया बर्तौला भन्छिन्- 'यो त दर्शकले जेठ १२ गतेबाट मात्र थाहा पाउनुहुनेछ । चलचित्रमा सोहितजी वा म वा अरु कोही पनि 'हिटलर' हुनसक्नुहुन्छ ।'

(अनलाइनहरुबाट)

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Hirsute = बाक्लै रौं भएको He is a hirsute man so that he has heavy black beard (ऊ बाक्लै रौं भएको मानिस हुँदा उसको दाह्री पनि बाक्लै छ)

Inert = चल्ने क्षमता नभएको, अक्रियाशील, केही नगरी, Laying in bed enert is his habit (केही नगरी ओछ्यानमै पल्टिरहनु उसको बानी हो)

Lull = शान्त अवस्था They are waiting for a lull in the rain (झरी पुरै रोकिएर शान्त नहोउञ्जेल उनीहरू पर्खि नै रहे)

Muster = जम्मा गर्नु As the situation of insecurity escalated, the commander mustered the force at the frontier (जब असुरक्षाको अवस्था बढ्दै गयो कमाण्डरले पूरै सैनिक बललाई सीमामा जम्मा (तैनाथ) गर्‍यो)

Nomadic = घुमन्ते There are many nomadic tribes in India (भारतमा घुमन्ते जातिहरूको समूह थुप्रै छ)

Outmoded = चलनचल्तीबाट हराएको There is always someone who makes himself happy with outmoded clothes (सधैं कोही न कोही यस्ता हुन्छन् जस्लाई चलनचल्तीबाट हराएको लुगा लगाउन पाउँदा खुसी हुन्छन्)

Prevaricate = राम्रो होस् भन्ने उद्देश्यले झूटा कुरा बोल्नु Prevaricate in a good cause is always justifiable (राम्रो कुराको लागि झूटो बोल्नुलाई न्यायसंगत नै मानिन्छ)

Quagmire = बाहिर निस्कनै नसक्ने खतरनाक परिस्थिति Only charismatic leaders can save country from political quagmire ( करिश्मा भएका नेताहरूले मात्र देशलाई जटिल राजनीतिक परिस्थितिबाट जोगाउन सक्छन्)

Rudimentary = विकास नभएको, प्रारम्भिक अवस्था They have only rudimentary knowledge of geology (तिनीहरूसँग भूगर्भ विज्ञानको प्रारम्भिक ज्ञान मात्र छ)

Studied = बुझ पचाएर Removing his name from the list of life members was a studied insult (आजीवन सदस्यको सूचीबाट उसको नाम हटाउने कार्य बुझ पचाएरै गरिएको थियो)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

शून्य अंकको प्रयोग कहिले र कुन देशमा भएको थियो ?
- सन् ८५० भारत

विश्वमा सबभन्दा बढी मूर्ति कसको छ ?
- गौतम बुद्ध

साझा पुरस्कार दिने व्यवस्था कहिलेदेखि सुरू भएको हो ?
- २०२६ साल

सर्वप्रथम नेपालमा रेडियो स्टेशनको स्थापना कहिले र कहाँ भएको थियो ?
- २००७ साल विराटनगर

कुनचाहिँ चराले घाँस सिएर आफ्नो गुँड बनाउँछ ?
- तोपचरा

जनावरहरूमा कसले घर बनाउँदैन ?
- बाँदर

चराहरूमा कुन चराले गुँड बनाउँदैन ?
- कोइली

काखीमुनिको रौंलाई के भनिन्छ ?
- जाबो

विश्वमा सबभन्दा बढी बोल्ने भाषा कुन हो ?
- चिनियाँ भाषा

विक्रमसंवत कसले चलाएका हुन् ?
- विक्रमादित्य, उज्जैनका राजा

सिहदरबारमा कहिले आगलागी भएको थियो ?
- २०३० असार २५

पहिलोपल्ट एउटा मानिसको आँखा अर्को मानिसमा सार्न सफल हुने नेपाली डाक्टर को हुन् ?
- डा. रामप्रसाद पोखरेल

फ्रान्सको पेरिसमा फ्रान्सेली राष्ट्रपतिको सरकारी निवास कुन हो ?
- एलिसी प्यालेस

बेलायतको प्रधानमन्त्रीको सरकारी निवासलाई के भनिन्छ ?
- टेन डाउनिङ स्ट्रिट

नेपालको सबैभन्दा ठूलो सरकारी भवन/प्रधानमन्त्रीको कार्यालय कुन हो ?
- सिंहदरबार

भारतको नयाँदिल्लीमा राष्ट्रपतिको सरकारी निवास कुन हो ?
- राष्ट्रपति निवास

इटलीको रोम नगरमा धर्म गुरू पोपको निवास स्थान कुन हो ?
- भेटिकन

संसारका शक्तिशाली अमेरिकी राष्ट्रपतिको सरकारी निवास कुन हो ?
- ह्वाइट हाउस

बेलायतको लण्डनमा सरकारी कार्यालयहरू भएको ठाउँलाई के भनिन्छ ?
- ह्वाइट हल

## फरक थाहा पाई राख्नुहोस्

Although= भए तापनी Although I am hungry I do not eat म भोकै छु तापनि खान्न

Though= भए तापनी Hungry though I am, I do not eat भोकै भए तापनि म खान्न

Alumnus= पास भएर स्कुलबाट जाने छात्र Our alumnus has been a famous doctor now हामीकहाँबाट उत्तीर्ण भएर जाने छात्र अहिले प्रख्यात डाक्टर बनेको छ ।

Alumna= पास भएर स्कुलबाट जाने छात्रा It is not difficult for our alumna to find a job हामीकहाँबाट उत्तीर्ण भएर जाने छात्रालाई काम भेट्टाउन गाह्रो हुँदैन ।

Alumni = पास भएर स्कुलबाट जाने छात्रछात्राहरू Our alumni have instituted a society हामीकहाँबाट उत्तीर्ण भएर जाने छात्रछात्राहरूले एक संगठित समाज खडा गरेका छन् ।

Always= सधै He gets up always late ऊ सधैं ढिला उठ्छ ।

All ways = सबै उपाय He tried in all ways to convince me उसले सबै उपाय अवलम्बन गरी मलाई सम्झाउन खोज्यो ।

Amateur = कुनै कुराप्रति चाख वा प्रेम भएर लागिपर्नु पैसा वा पेसाको कारणले होइन He is an amateur athlete ऊ पेसागत खेलाडी नभै शोखको लागि खेल्ने खेलाडी हो ।

Novice = दक्षता हासिल नगरिसकेको He has a good degree but still novice उसको योग्यताको प्रमाणपत्र राम्रो छ तापनि काम सिक्दैछ र दक्षता हासिल गरिसकेको छैन ।

Tyro = पटक्कै कामको अनुभव नभएको He is completely a tyro as far as driving is concerned ऊ मोटर हाँक्नेसँग सम्बन्धित कुरामा पूर्ण अनुभवहीन छ ।

Neophyte = काम वा सीप सिकिरहेको Her salary is nominal because she is a neophyte उनी काम सिक्ने चरणमा भएको हुँदा उनको तलव नाममात्रको छ ।

## सुडोकु-अंक ५२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ८ | | | | ४ |
| २ | | | ६ | | ७ | | | ९ |
| | | | २ | | ९ | | | |
| | | | ७ | | | | ५ | ६ |
| | ९ | ६ | | २ | | | | |
| | | | | | १ | | ३ | २ |
| | ४ | | | | ८ | | | |
| | ५ | १ | | | | | | |
| | ७ | | १ | | | ३ | | |

## अंक ५१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ६ | ३ | ४ | ७ | ५ | ८ | १ | २ |
| ७ | २ | ५ | ८ | ३ | १ | ६ | ४ | ९ |
| ८ | ४ | १ | ९ | ६ | २ | ७ | ५ | ३ |
| १ | ८ | ४ | ६ | ९ | ६ | ३ | २ | ७ |
| ५ | ७ | २ | ३ | ८ | ४ | १ | ९ | ६ |
| ३ | ९ | ६ | १ | २ | ७ | ५ | ८ | ४ |
| ४ | ५ | ७ | २ | १ | ३ | ९ | ६ | ८ |
| २ | ३ | ८ | ६ | ५ | ९ | ४ | ७ | १ |
| ६ | १ | ९ | ७ | ४ | ८ | २ | ३ | ५ |

# बाल विकास समाज २७ औं वर्षमा



कार्यक्रममा मन्तव्य राख्दै शरद शर्मा



कार्यक्रमका सहभागीहरू



मन्तव्य राख्दै महासचिव काजीवावु पान्डे



प्रमुख अतिथिबाट सम्मान ग्रहण गर्दै संस्थाका कर्मचारी



छात्रवृत्ति रकम ग्रहण गर्दै संस्थाका कोषाध्यक्ष



समुह कार्य गर्दै तालिमका सहभागीहरु



तालिमको सहजीकरण गर्दै संस्थाका कर्मचारी



समुह कार्यमा छलफल गर्दै सहभागीहरु



तालिममा प्रस्तुतीकरण गर्दै सहभागी

**बाल विकास समाजको २६ औं वार्षिकोत्सव**

बाल विकास समाजको २६ औं वार्षिकोत्सव एक समारोहका साथ सम्पन्न भएको छ । संस्थाले बालबालिकाहरुको क्षेत्रमा काम गरेको २६ औं वसन्त पार गरी धेरै बालबालिकाहरुको मुहारमा खुशी ल्याउन सफल भएको छ । वरिष्ठ साहित्यकार तथा संस्कृत विद् सत्यमोहन जोशीको प्रमुख अतिथ्यतामा नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न भएको वार्षिक उत्सव कार्यक्रममा संस्थाका आजीवन सदस्य, कार्यसमिति पदाधिकारी, सल्लाहकार समिति, विभिन्न सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधि, पत्रकार लगायत अन्य व्यक्तित्वहरुको बाक्लो सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा सस्थाका संस्थाका महासचिव काजीवावु पान्डेले स्वागत मन्तव्य राख्नु भएको थियो । स्वागत मन्तव्यका क्रममा बाल विकास समाजले नेपाली बालबालिकाहरुको चौतर्फी विकासका लागि थुप्रै काम गरेको हुनाले यो संस्था एउटा नमूनाको रुपमा रहेको कुरा उल्लेख गर्नु भएको थियो । त्यसैगरी संस्थाका सल्लाहकार शरद शर्माले स्थापना कालदेखि नै बालअधिकारका क्षेत्रमा संस्थाले पुऱ्याएको योगदानको चर्चा गर्दै त्यसकै परिणाम स्वरुप ९० प्रतिशतले बालअधिकारका कुरा बुझ्ेको र राज्यले बालबालिका सम्बन्धी थुप्रै कानून निर्माण गरी कार्यान्वयनको प्रक्रियामा लगेको कुरा समेत बताउनु भएको थियो । रेडियो नेपाल लगायत अन्य सन्चारका माध्यमबाट यस संस्थाले बालअधिकारको बारेमा वकालत गरेको र विगतमा प्रधानमन्त्री, मन्त्री, लगायत राजनीतिक दलका केन्द्रीय स्तरका प्रमुख नेतालाई समेत कार्यक्रममा बोलाइ बालअधिकारका विषयमा छलफल गरिएको कुरा बताउनु भएको थियो । यसैगरी बाल विकास समाजको महत्वपूर्ण सिद्धान्त भनेको पारदर्शीता भएको हुनाले पनि यो संस्थालाई सकारात्मक रुपमा हेर्ने गरेको कुरा पनि बताउनु भएको थियो ।

सल्लाहकार शर्माले काठमाडौंलाई बालश्रम मुक्त जिल्ला बनाउनका लागि काठमाडौं महानगरपालिकाका अव चुनिएर आउने मेयरलाई अनुरोध समेत गर्नु भएको थियो । शैक्षिक वर्ष २०७३ मा संस्थाको छात्रवृत्ति कार्यक्रम अन्तर्गत अध्ययन गर्ने उत्कृष्ठ बालबालिकाहरुलाई पुरस्कार वितरण गरिएको थियो । सो पुरस्कार क्रमश शरद शर्मा, सुवास गौतम, डा रिता सिंह, काजीवावु पान्डे, डा छत्र अमात्यको हातबाट बालबालिकाहरुलाई वितरण गरिएको थियो ।

यसैगरी कार्यक्रममा संस्थाले विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई नगद सहित प्रमुख अतिथिबाट सम्मान पत्र प्रदान गरिएको थियो । यसरी सम्मानित हुने व्यक्तिहरुमा सानै उमेरमा लभ यु वावा नेपाली चलचित्र निर्देशन गरेका बालक सौगात विष्ट, बाल साहित्यमा योगदान गर्ने गोरखा पत्रका पत्रकार विजय चालिसे रहनु भएको थियो । सम्मानित हुने व्यक्तिहरुले छोटो मन्तव्य राख्दै बाल विकास समाजलाई धन्यवाद दिएका थिए । सो क्रममा बालक सौगात विष्टले प्रतिभालाई उमेर कुनै फरक नपार्ने र अवसर पाएमा बालबालिकाहरुको प्रतिभा प्रस्फुटनमा सहयोग हुने कुरा बताएका थिए । त्यसैगरी वरिष्ठ पत्रकार चालिसेले सँघ संस्थाहरुले बाल साहित्य प्रकाशनमा ध्यान दिनुपर्ने र यसरी प्रकाशन गरेको अवस्थामा बाल प्रतिभा प्रष्फुटनमा थप सहयोग पुग्ने कुरा बताउनु भएको थियो । संस्थाले उत्कृष्ठ कर्मचारीको रुपमा २ जना संस्थाका कर्मचारीहरुलाई नगद पुरस्कारसहित सम्मान गरेको थियो ।

कार्यक्रममा छात्रवृत्ति प्रदायकहरुले शैक्षिक वर्ष २०७४ का लागि छावृत्ति रकम हस्तान्तरण गरेका थिए । सो रकम बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकाललाई हस्तान्तरण गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि सत्यमोहन जोशीले बाल विकास समाजको कार्यक्रममा सहभागी हुने सौभाग्य पाएकोमा खुशी लागेको कुरा बताउनु भएको थियो । यो संस्थाले नेपाली बालबालिकाहरुको अधिकारका लागि उदाहरणीय काम गरेको र उक्त काम राष्ट्रका लागि महत्वपूर्ण हुने कुरा समेत बताउनु भएको थियो ।

प्रमुख अतिथि जोशीले राज्यले गर्नु पर्ने काम यो बाल विकास समाजले गरेको बालबालिकाहरुलाई शिक्षाको उज्यालो घामबाट वन्चित हुन नपरोस भनी छात्रवृत्तिमार्फत उनीहरुको शैक्षिक अधिकार सुनिश्चित गर्न महत्पूर्ण भूमिका खेलेकोले सारै खुशी लागेको कुरा बताउनु भएको थियो । उहाँले हरेक मान्छेमा बुद्धत्व हुन्छ त्यसको उचित मुल्याङकन गर्न सकेको खण्डमा त्यसै सफल हुने कुरा बताउनु भएको थियो । सबै बालबालिकाहरुमा प्रतिभा तथा क्षमता हुने तर उनीहरुलाई अभिभावकले उचित किसिमको वातावरण तयार गरी सहि मार्गदर्शन गर्न सकेको खण्डमा राष्ट्रका निम्ति भलो हुने कुरा समेत बताउनु भएको थियो ।

डा. प्रपन्नचार्यको उदाहरण दिदै बालबालिकालाई उचित मार्गदर्शन दिने हो भने राष्ट्र विकासमा महत्वपूर्ण योगदान पुग्ने कुरा समेत उल्लेख गर्नु भएको थियो । आफूले पनि ठूलो काम गरेको त होइन तर राष्ट्रले महत्वका साथ हेरेर आफूलाई सम्मान गरेको कुरा पनि उहाले उल्लेख गर्नु भएको थियो । कर्णालीको जुम्लीमा ५ दिन बसेर नेपाली भाषाको अध्ययन तथा खोज अनुसन्धान गरेको त्यही नै राष्ट्रका लागि महत्वपूर्ण भएर आफूलाई सम्मान गरेको हुनाले यसरी नै बालबालिकाहरुलाई सहि वातावरण निर्माण गर्न अभिभावक चुक्न नहुने र यदि चुकेको खण्डमा राष्ट्रलाई अहित हुने कुर ासमेत उल्लेख गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा संस्थाका अध्यक्ष सुवास गौतमले प्रमुख अतिथिलाई मायाको चिनो हस्तान्तरण गरी छोटो मन्तव्य सहित कार्यक्रमको अन्त्य गर्नु भएको थियो ।

**किशोरकिशोरीहरुका लागि क्षमता अभिवृद्धि तालिम**

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ ।

तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरुले रोटेसनका आधारमा निशुल्क रुपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन् । कुनै पनि दातृ निकायको सहयोग बिनानै सञ्चालन भएको यस तालिमबाट बालबालिकाहरुले सेवा लिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ । यस संस्थाका कर्मचारीहरुको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसैगरी बालकुमारी निम्न माद्यामिक विद्यालयका २५ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरुका लागि १२ हप्ते क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको थियो ।

यसैगरी धुम्रपान तथा मध्यपानका वेफाइदाको विषयमा संस्थाका कर्मचारी अरज गौतमले तालिमको सहजिकरण गर्नु भएको थियो ।

तालिममा तालिममा विद्यार्थीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा विद्यार्थीहरुले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरुद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरुका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरुले बताएका थिए ।

सेवाको भावनाले अभिप्रेरित भएर काम गर्ने हो भने कसैको सहयोग विना नै प्रभावकारी काम गर्न सकिने कुराको ज्वालन्त उदाहरण बाल विकास समाजका कर्मचारीहरुले दिएका छन् । कर्मचारीले नै तयार गरेको यो उपायबाट एक वर्षमा कम्तीमा ३ वटा सामुदायिक विद्यालयका बालबालिकाहरुले यो सेवा लिने योजना रहेको छ । दौतरीको माध्यमबाट बालबालिकाहरुलाई चेतनशिल बनाउने राम्रो कार्यको रुपमा यस तालिमलाई हेरिएको छ ।

यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रुपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरुलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ । किशोरावस्थाका विद्यार्थीहरुले विशेष गरी सानै उमेरमा विवाह गर्ने र पढाइ छोड्ने विभिन्न साथीको संगतमा लागेर कुलतमा फस्ने आदि समस्याहरु झेलिरहेको अवस्थामा यो तालिमले उनीहरुलाई चेनतशिल बनाइ समस्याको निराकरणका उपायहरु सिकाउदै त्यस उमेर समूहका बालबालिकाहरुले समस्याबाट मुक्ति पाउने अपेक्षा समेत गरिएको छ ।

**गोविन्द विक**

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

## महाअभियोग...

जसरी महाभियोग लगाइयो त्यो एक प्रकारको बर्खास्ती जस्तै थियो । संवैधानिक व्यवस्थाको गम्भीर र घातक उल्लंघनको अवस्थामा मात्र महाभियोगको मार्ग अपनाइने विश्वव्यापी मान्यता छ । कार्कीमाथि लगाइएको महाभियोगमा भ्रष्टाचार विषय उल्लेख हुन नसक्नुले यो पूर्णता पूर्वाग्रही मात्र रहेको प्रस्ट हुन्छ । न्यायाधीश चोलेन्द्रशमशेरको एकल इजलासले महाभियोग प्रस्ताव यथास्थितिमा राख्न र कार्कीलाई काममा फर्किन अन्तरिम आदेश दिएपछि व्यवस्थापिकाको विशेष अधिकार हनन भएको सभामुख ओन्सारीले भन्नु माओवादी केन्द्रकै भाषा बोल्नु नै हो । वास्तवमा महाभियोग प्रस्तावको मुख्य कारण आईजी नियुक्ति नै हो । महाभियोगका सूत्राधार नै शेरबहादुर देउवा हुन् । उनले डिआईजी जयबहादुर चन्दप्रति देखाएको मोह नै महाभियोग प्रकरणको जड हो । प्रहरी संगठनको नेतृत्वमा हुने राजनीतिक हस्तक्षेपलाई सर्वोच्च अदालतले रोकेपछि तिल्मिलाएका देउवाले कार्कीमाथि पूर्वाग्रह साँधेर सांसदहरुलाई समेत खाली कागजमा सही गराएर झुक्याएर महाभियोग प्रस्ताव दर्ता गर्न पठाएको यथार्थता सार्वजनिक भइसकेको छ ।

सुशीला कार्की सर्वोच्चमा न्यायाधीशका रुपमा रहँदा पनि चर्चामै थिइन् । जेपी गुप्तालाई भ्रष्टाचारी करार गरेपछि विशेषतः कांग्रेसवृत्तमा उनको नाम त्यत्ति रुचिकर रुपमा लिन छोडियो । प्रधानन्यायाधीश भएपछि उनले भ्रष्टाचारका मुद्दाहरुमाथि धमाधम फैसला सुनाउन थालिन् । सर्वोच्च अदालतले कर्तव्य ज्यानमुद्दामा माओवादी नेता बालकृष्ण ढुंगेललाई दिएको सजाय कार्यान्वयन गराउन उनले सात दिनभित्र जेल पठाउन आदेश गरिन् । चर्चित मैना सुनुवार हत्याकाण्डका नेपाली सेनाका आरोपीहरुलाई पनि कारबाहीको दायरामा ल्याइन् ।

सुडान घोटाला काण्डमा पूर्वआईजीहरुलाई कैद र जरिवाना तोकिन् । डिआईजी नवराज सिलवाललाई नै फेरि आईजी बनाउन गरी फैसला सुनाउँदैछिन् भन्ने शंकाका आधारमा प्रचण्ड र देउवाले महाभियोग प्रस्ताव दर्ता गराएर कार्कीलाई निलम्बन गर्ने तयारी गरे । अर्का भ्रष्ट कांग्रेस नेता गोविन्दराज जोशीको मुद्दामाथिको फैसला पनि नजिकिँदै थियो । कार्यसम्पादन मूल्यांकनमै किर्ते गरेर प्रचण्ड र देउवाले सिलवालमाथि कारबाही सुरु गरे । त्यसलाई सर्वोच्च अदालतले रोक्यो । सिलवाललाई आईजी बन्न नदिने प्रचण्ड र देउवाको साँठगाँठ नै महाभियोग प्रस्तावको मुख्य ग्रन्थी हो ।

महाभियोग प्रस्ताव अब के हुन्छ ? चौतर्फी चासोको विषय छ । व्यवस्थापिकाको विशेष अधिकारमाथि हस्तक्षेप गरेको अभियोगमा न्यायाधीश चोलेन्द्रमाथि कस्तो कारबाही हुने हो ? त्यो हेर्न बाँकी नै छ । चोलेन्द्रले पूर्वराजकुमारी प्रेरणाको जग्गा ट्रस्टको नहुने भनी गरेको फैसला कार्कीले उल्टाएर ट्रष्टमै सो जग्गा फर्काइदिएकी थिइन् । कार्की र राणाबीच सम्बन्ध राम्रो नभएका कारण राणाले कार्कीमाथि बदनियतपूर्ण आदेश गर्न सक्ने धेरैको अनुमान थियो । तर राणाले कार्कीका पक्षमा हैन प्रधानन्यायाधीशका पक्षमा अन्तरिम आदेश जारी गरे ।

महाभियोग प्रस्ताव फिर्ता नलिएसम्म संसद चल्न नदिने मुख्य विपक्षी दल एमालेले भनिरहेको छ । संसद नै बन्द भएपछि महाभियोग परै जाओस् शेरबहादुर प्रधानमन्त्री तत्काल बन्ने सम्भावना पनि छैन । त्यही कारण महाभियोग प्रस्ताव फिर्ता लिएर देउवा प्रचण्डले आफ्नो गल्ती सुधार्लान् कि भन्ने अनुमान गर्न सकिन्छ ।

## नयाँ....

एकल महिला र ६० वर्ष पुगेकालाई पेन्सन वितरण जस्ता आश्वासन दिएको छ । दश वर्ष देशमा द्वन्द्व मच्चाएर नेपाललाई आर्थिक वकासमा पचास वर्ष पछि धकेलेको माओवादीले कसरी तीव्र आर्थिक विकास गर्छ जनता नै तीन छक्का परेका छन् । उसका कुरा जनताले पत्याउने छैनन्, निर्वाचन परिणामले बताउने नै छ । माओवादीहरु नवधनाढ्यहरुको जमात बनेको जनतालाई राम्ररी थाहा छ । यिनीहरुले जनयुद्धका नाममा धनयुद्ध लडेका रहेछन् भन्ने हेक्का जनतामा छैन भनेर सोच्नु मुर्खता हुनेछ । पूर्व महापञ्चहरुको संगठन राप्रपाले एक घर एक रोजगार, सबै स्थानीय निकायमा २५ बेडको अस्पताल, स्वास्थ्य बिमा लगायतका सपना जनतालाई देखाएको छ । राजाको नेतृत्वमा ३० वर्ष देशमा शासन गरेका महापञ्चहरु जनताप्रति कहिल्यै उत्तरदायी रहेनन् । गफ एसियाली मापदण्डको गरे तर देशलाई हरिकंगाल बनाए । हिन्दू राष्ट्र संवैधानिक राजतन्त्र भन्ने राप्रपाले धर्मनिरपेक्षता, गणतान्त्रिक संविधानलाई स्वीकारेर राजनीतिक नैतिकता स्खलित गरिसकेको छ ।

स्थानीय तह निर्वाचनमा यी ठूला दलहरुको विकल्प रोज्ने अवसर जनतालाई नदिइनु विडम्बनापूर्ण छ । कमसेकम नयाँ दलहरुले जनताबाट अनुमोदित हुने अवसर पाउनु पर्थ्यो । नयाँ दलहरुले आफ्ने अस्तित्व नामेट पार्ने भयले ठूला दलहरुले थ्रेसहोल्डलगायत स्थानीय तह निर्वाचन ऐन ल्याएको कुरा ढिलोचाँडो जनताले अवश्य बुझ्नेछन् । फेरि पनि जनतालाई यिनै पत्रु दलहरुलाई मत हाल्न बाध्य पारिनु लोकतन्त्र हैन, चार दलीयतन्त्र नै हो । यी दलहरुबीच चुनावमा देखिएको अप्राकृतिक तालमेलले पनि नयाँ दलहरुलाई वाइपास गर्न खोजेको प्रस्ट हुन्छ ।

## तेलको...

भएको दाबी सूत्रले गरेको छ । आपूर्ति मन्त्री दीपक बोहोराले समेत सुविधा सम्पन्न पेट्रोलपम्प खोल्न आईओसीसँग सहमति भइसकेको र त्यसले नेपाली उपभोक्तालाई सहज हुने बताएका छन् ।

नेपालका ग्यास, प्लान्ट र पेट्रोल पम्पहरुको आईओसीको टोलीले निरीक्षण र अध्ययन गरिसकेको छ । आईओसीका बजार विभागका प्रबन्धक एसएस बोसको नेतृत्वमा आएको टोलीले ग्यास, प्लान्ट र पम्पहरुको अध्ययन गरेको हो ।

आईओसीलाई खुद्रा व्यापारको समेत अधिकार दिँदा पेट्रोलियम व्यापारको क्षेत्रमा करोडौं लगानी गरेका व्यवसायीहरुको लगानी धरापमा पर्ने गुनासो व्यवसायीहरुले गरेका छन् । आधुनिक पम्प खोल्न नेपाली लगानीकर्ता सक्षम हुँदाहुँदै कमिसनको आडमा भारतलाई गुहार्नु गम्भीर गल्ती भएको छ ।

## बीबीआइएएनबाट ...

परियोजना भुटानको निर्णयपछि तीन देशमा सीमित हुन पुगेको हो । क्षेत्रीय सडक सञ्जालले ट्राफिक समस्या, प्रदूषण र रोजगारीमा खतरा आउन सक्ने भन्दै भुटानी संसदले यो परियोजनालाई अस्वीकृत गरिदिएको हो ।

भुटानी प्रधानमन्त्री छिरिङ तोब्गेले कूटनीतिक माध्यमबाट आफ्नो निर्णय भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई जानकारी गराइसकेका छन् । उनले नेपाल-बंगलादेश र भारतलाई सँगै लिएर जाँदै गर्नु भुटान परियोजनामा पछि सहभागी हुनेछ भन्ने सन्देश दिएको अंग्रेजी भाषाको भारतीय दैनिक इन्डियन एक्स्प्रेसमा उल्लेख छ ।

## कतै...

लिने खालका घटना घट्नु दुःखद र आपत्तिजनक विषय भएको छ ।

ठूला राजनीतिक दलहरु एक आपसमा भिडे पनि निर्वाचनमा आफ्नो स्वार्थपूर्ति गर्न ठाउँठाउँमा एक अर्काबीच तालमेल गरेका छन् । कांग्रेस-माओवादी केन्द्रबीच धेरै ठाउँमा तालमेल भएको छ भने एमाले-राप्रपाबीच पनि तालमेल भएको छ । एमाले र माओवादी केन्द्र ठाउँठाउँमा झडप गर्दै हिँडे पनि यिनीहरुबीच पनि तालमेल भएको छ ।

लमजुङको दोर्दी गाउँपालिकामा माओवादी प्रमुख र एमाले उपप्रमुखका प्रत्यासी रहेका छन् । यस्ता उदाहरण विभिन्न ठाउँमा छन् । स्वार्थअनुरुप सबैले सबैसँग गठबन्धन गरे पनि प्राकृतिक, अप्राकृतिक भन्ने आरोप प्रत्यारोप ठूला दलबीच चलिनै रहेको छ । यो निर्वाचनमा साना दलहरु भने साँढेको जुधाइमा मिचिएका बाच्छा जस्ता निरीह बन्न पुगेका छन् ।

## कुलमानप्रति...

कमिसन खान लागेको आरोप लगाइन खोजिएको छ । कुलमानले पत्रकार सम्मेलन नै गरेर भारतको सरकारी कम्पनी इईएसएलबाट खरिद गर्न लागेको एलइडी चिमको मूल्य प्रचलित बजार भाउभन्दा बढी नरहेको जानकारी दिएका छन् । भावुक मुद्रामा प्रस्तुत भएका कुलमानले आँशु बगाउँदै मेरो कुनियत भेटिए झुण्ड्याइदिनु भन्नुभयो ।

९ वाटको एलइडी चिमको एक थानको मूल्य भारु ६५ रहेको र सोही मूल्यमा नेपाललाई २ करोड थान बेच्ने सम्झौता गरेको घिसिङले जानकारी दिएका छन् । प्राधिकरणको सेवा शुल्क जोडिएर प्रतिथान १३५ देखि १५० रुपैयाँमा बिक्री गरिने उनले बताएका छन् । यो मूल्य बजार मूल्यभन्दा निकै सस्तो छ ।

# गैरआवासीय नेपालीको गुनासो

काठमाडौं । गैर आवसिय नेपाली संघ (अन्तर्राष्ट्रिय समन्वय परिषद) ले एक विज्ञप्ति प्रकाशित गरी भोट दिने आफ्नो अधिकारबाट वञ्चित गरेकोप्रति गुनासो गरेको छ । विज्ञप्तिमा भनिएको छ- 'आवधिक निर्वाचन लोकतन्त्रको सौन्दर्य हो र आधारभूत सिद्धान्त पनि हो । निर्वाचनमा जनताले आफ्नो मतदान गर्न पाउने अधिकार नै सबैभन्दा पहिलो आधारभूत अधिकार हो । त्यो अधिकार नेपालमा पनि छ । तर, हामी नेपाली नागरिक जो विविध कारणबस विदेसिएका छौं र वैदेशिक रोजगारीको लागि आफ्नो देशभन्दा टाढा रहेका छौं, हामीले भने यो अधिकारबाट वन्चित हुनु परेको छ । देश दशक लामो द्वन्द र राजनीतिक अस्थिरतामा भएको बेला हामीहरुले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र तहसनहस हुनबाट जोगाएको छ र अझै पनि त्यो क्रम जारी नै छ ।

राष्ट्रभित्र सीपमुलक शिक्षाको अभाव रहेकोले विदेशी भूमिमा आएर सीप र शिक्षा लिएर राष्ट्र निर्माणमा सहभागी हुन फर्किने योजनामा हामीमध्ये कैयौं छौं, तर राज्य र सरकारले हाम्रो अधिकारबारे कति सोचेको छ ? शायद छैन । घर परिवार, समाज र राष्ट्रले हामीले पठाउने नोट भने खुसी खुसी स्विकार्ने तर हाम्रो भोट गर्ने अधिकारको भने चर्चासमेत गरेको देखिंदैन । तसर्थ, लामो समयदेखि सामाजिक सन्जालमा बहस भैरहेको यो मुद्दालाई औपचारिक रुपमा अझै गम्भीर रुपले बहस गर्ने उद्देश्यले 'नोट चल्ने भोट नचल्ने ?' अभियान सुरु गर्दैछौं ।


'नोट चल्ने भोट नचल्ने ?' अभियानको क्रममा हामीले सामाजिक सन्जालमा बहस, राष्ट्रिय संचार माध्यममा छलफल र विदेशमा रहेका नेपालीबीच चर्चा गरेर भविष्यमा हुने निर्वाचनमा नेपालीहरुले विदेशबाटै मतदान कसरी गर्न सकिन्छ भन्ने सम्भावनामा पनि छलफल र अध्ययन गर्ने कार्यक्रम रहेको छ । यो अभियान केवल गुनासो गर्ने मात्र हैन नेपालीको आधारभूत अधिकारको सम्मानका लागि एक पहल हो । आसन्न निर्वाचनको तयारीमा रहेको सरकार, राज्य व्यबस्था, राजनीतिक दल र नेपाली समाजलाई यो 'नोट चल्ने भोट नचल्ने ?' अभियानबाट हामी हाम्रो देश नेपालको भविष्यप्रति कति सरोकार राख्छौं र आफ्नो संलग्नताको लागि कति आतुर छौं भन्ने कुराको सन्देश दिन खोजेका छौं ।'

**नेताको मुहार चिल्लो हुदैमा देश र जनताको मुहार चिल्लो हुंदैन, देशको मुहार चिल्लो हुदामात्र जनताको मुहार चिल्लो हुन्छ**

१. नेपाललाई संसारको दशमध्ये एक कङ्गाल र अति कम विकसित राष्ट्र बनाउने को हो ?
२. नेपाललाई संसारको दशमध्ये एक भ्रष्ट राष्ट्र बनाउने को हो ?
३. नेपाललाई भारतको एकल बजार बनाई संसारको सबैभन्दा ठूलो व्यापारघाटा भएको मुलुक बनाउने को हो ?
४. देशका उद्योगहरूलाई कौडीको मूल्यमा बेची नेपाली युवायुवतीहरूलाई बेरोजगार बनाई विदेशमा फोहोरी, कठिन र खतरनाक काम गर्न जान बाध्य पार्ने को हो ?
५. राजधानी काठमाडौंलगायत नेपालका सहरहरूलाई विश्वकै प्रदुषित र अनियोजित सहर बनाउने को हो ?
६. हरेक नौ महिनामा बन्ने नयाँ मन्त्रिमण्डलको कारण बन्ने भूतपूर्वहरूको भीडको विलासिता र सुरक्षाका लागि राष्ट्रको ढुकुटी रित्याउने को हो ?
७. भारतले सीमा मिच्दा, दशगजाको सीमाक्षेत्रमा अन्तर्राष्ट्रिय कानुनविपरीत एकतर्फी रूपमा बाँध र सडक निर्माणगरी नेपाली भूमि जलमग्न बनाउँदा अनि भारतीय सुरक्षा बल दिनदहाडै नेपाल पसी निर्दोष नेपालीको हत्या गर्दासमेत कानमा तेल हालेर बस्ने को हो ?
८. जनताका छोराछोरी भने जीवनजल खान नपाएर मर्ने तर नेताहरूलाई करौडौं खर्च गरी विदेशमा औषधोपचार गर्न पठाउने को हो ?
९. शिक्षालाई राजनीतिकरण गरी ८० प्रतिशतभन्दा बढी जनताका छोराछोरी पढ्ने सामुदायिक विद्यालयहरूको अधोगति गर्ने को हो ?

*यी भनेका हालसम्मका नेपाललाई शासन गर्ने भ्रष्ट, राष्ट्रघाती र असक्षम राजनीतिक नेता र तिनीहरूका टहलुवा प्रशासकहरू नै हुन् । तसर्थ तिनीहरूलाई वडादेखि केन्द्रसम्मै बढारी राजनीतिलाई उत्कृष्ट समाजसेवाको रूपमा स्थापित गर्न देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाका उम्मेदवारहरूलाई स्थानीय निकायको बैशाख ३१ गते हुने निर्वाचनमा आमरूपमा विजयी गराऔं । हामी के गर्छौं त ?*

१. हामी सामुदायिक विद्यालयलाई विकृत राजनीतिबाट मुक्त गरी, प्रवर्द्धन गर्दै गरिब जनताको छोराछोरीको लागि स्थानीयस्तरमा नै गुणस्तरीय तथा बालमैत्री शिक्षाको ग्यारेन्टी गर्छौं ।
२. हामी स्वरोजगार शिक्षाको माध्यमबाट महिलाहरूमा भएको निरक्षरता, बेरोजगारी र गरिबीको अन्त्य गर्छौं ।
३. राज्य, बैंक र निजी क्षेत्रहरूलाई कृषि, बागवानी र पशुपालन जस्तो प्राथमिक क्षेत्रमा लगानी गर्न बाध्य पारी ग्रामीण तथा शहरी क्षेत्रमा आमरूपमा रोजगार सिर्जना गरी नेपाली युवायुवतीलाई विदेशिनबाट रोक्छौं र स्थानीयस्तरमा नै आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्छौं ।
४. हामी जनतालाई स्थानीयस्तरमा नै आधारभूत उर्जा, स्वास्थ्यसेवा, स्वच्छ खानेपानी तथा फोहोर व्यवस्थापनको ग्यारेन्टी गर्छौं ।



**सुरेन्द्र ढकाल**
विशेषज्ञताको डक्टरेट सरकारी संगठन र व्यवस्थापन (इटली)
स्नातकोत्तर, प्रशासनिक विज्ञान (जर्मनी)
अध्यक्ष देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा
समाजसेवी, पर्यावरणवादी तथा साइकल यात्री

५. हामी अनाथ बालबालिका, अपाङ्ग तथा असहाय वृद्धवृद्धाहरूकालागि स्थानीयस्तरमा आश्रम सञ्चालन गरी लोककल्याणकारी समाजको सिर्जना गर्छौं ।
६. हामी साना तथा लघुजलविद्युतको स्थानीयस्तरमा नै विकास गरी ग्रामीण क्षेत्रमा व्यापक लघुऔद्योगिकरण तथा आम विद्युतिकरणको माध्यमद्वारा डिजेल पेट्रोल धुंवामुक्त वातावरणमैत्री स्थानीय यातायातका सुविधाहरू प्रदान गर्छौं ।
७. हामी स्थानीयस्तरदेखि नै हरियाली प्रवर्द्धन गरी पर्यावरणमैत्री र प्रदुषणमुक्त ग्रामीण तथा शहरी वातावरन बनाउनेछौं ।
८. हामी नदी नाला मठ मन्दिर र सम्पदा क्षेत्रलाई स्वच्छ र सफा राखी आन्तरिक र बाह्य पर्यटन दुवैको विकाश गरी नेपाललाई संसारकै सुन्दर र गन्तव्य राष्ट्र बनाउँनेछौं । हामी को हौं भन्ने जान्न चाहनुहुन्छ भने www.youtube.com/Surendra Dhakal Social Activist भन्ने डकुमेन्ट्री आफू पनि हेर्नुहोस् अनि अरूलाई पनि हेर्न प्रोत्साहन गर्नुहोस् ।

**"चेतना सहितको परिवर्तन र विकासमा आधारित राजनीति गरौं"**

नेपाल आमा, पृथ्वी आमा र गरिब तथा निरक्षर आमाको संवृद्धिमा समर्पित
देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाका
**काठमाडौं महानगरपालिकाका प्रमुख पदका उम्मेदवार**
**श्री सुरेन्द्र ढकाललाई अत्यधिक मतले विजय गराऔं ।**






चुनाव चिन्ह मकैको बोट

श्री सुरेन्द्र ढकाल
प्रमुख
काठमाडौं महानगरपालिका

**"चेतना सहितको परिवर्तन र विकासमा आधारित राजनीति गरौं"**


नेपाल आमा, पृथ्वी आमा र गरिब तथा निरक्षर आमाको संवृद्धिमा समर्पित
देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चाका
**टोखा नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका**
**उम्मेदवारहरूलाई अत्यधिक मतले विजय गराऔं ।**





धर्मराज डंगोल
प्रमुख टोखा नगरपालिका





गीताकुमारी घिमिरे
उपप्रमुख टोखा नगरपालिका